gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

वर्ष ९ अङ्क २२ पूर्णाङ्क ४११ | आइतवार, फागुन ०१, २०७३ | Feb 12, 2017, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-

युवा भलिबलको उपाधी बेनपा ९ र बेगखोलालाई

विस्तृत पृष्ठ ५ मा

गाउँगाउँमा इन्टरनेट विस्तार अलपत्र

कहाँ पुग्यो योजना ?

- जिल्ला परिषद्का निर्णयहरु अलपत्र
- योजना अघि नबढेकोमा मोनाको चासो
- समन्वय र इच्छाशक्तिको कमी
- सरोकारवालालाई दवाव

■ सन्तोष गौतम/नवविकल्प

नेपाल दुरसञ्चार प्राधिकरणका महाप्रबन्धक पुरुषोत्तम खनालसंग ईन्टरनेट विस्तार योजनाको विषयमा छलफल गर्न पुगेको सांसद नवराज शर्मा, मोनाका अध्यक्ष योगेन्द्र क्षेत्र र कोषाध्यक्ष चक्र थापाको टोली । तस्विर : मोना

म्याग्दीका सबै बस्तीमा आधुनिक सूचना प्रबिधिको पहुँच पु¥याउने जिविस म्याग्दीको महत्वाकांक्षी योजना अलपत्र परेको छ । इन्टरनेट विस्तार योजना चर्चा कमाउनका लागि महत्वाकांक्षी योजना बनाउने तर कार्यान्वयनमा चासो नदिने प्रवृत्तीको पछिल्लो ज्वलन्त उदाहरण बनेको हो । "फ्रि वाइफाइ जिल्ला बनाउने" भनेर जिल्ला, राष्ट्रिय र प्रवासमा प्रचार गरिएको यो योजनाको काम भन्दा धेरै हल्ला भएको छ । योजनाले सर्वसाधरण नागरिहरूलाई झुक्काउने मात्र काम गरेको छ ।

२३ औं जिल्ला परिषद्ले गरेको निर्णय अनुसार इन्टरनेट विस्तारका लागि सम्भाव्यता अध्ययन गर्ने र आर्थिक स्रोत जुटाउनका लागि जिविसले म्याग्दी प्रवासी नेपाली संघ (मोना) अन्तराष्ट्रिय समन्वय परिषद्संग सम्झौता गर्ने बाहेकका ठोस कदम अघि बढेको छैन् ।

लगानीका लागि जिविसले नेपाल सरकार मातहतको ग्रामिण दुरसञ्चार प्राधिकरण कोषमा गरेको प्रस्ताव पारित गराउन पहल नहुँदा इन्टरनेट विस्तार योजना प्रक्रियामै अल्झीएको हो । पछिल्लो पाँच वर्षयता जिल्ला परिषद्ले गरेका विकासमा दुरगामी प्रभाव र महत्व राख्ने निर्णयहरूको कार्यान्वयन पक्ष फितलो देखिएको छ । योजना बुन्ने तर काम नगर्ने प्रवृत्ती जिविसमा हावी भएको छ ।

इन्टरनेट विस्तार, जग्गा बाँझो राख्नेलाई जरिवाना तिराउने, गैरसरकारी संस्थाले कुल बजेटको चालीस प्रतिशत बजेट पूर्वाधारमा खर्चनुपर्ने, सडक योजनाको पाँच प्रतिशत बजेट वातावरण संरक्षणमा लगानी गर्ने लगायतका नितीगत निर्णय सरोकारवालाको इच्छाशक्तिको कमीले कागजमै सिमीत भएका छन् ।

अन्य निर्णय जस्तै इन्टरनेट विस्तार योजना सरोकारवालाको पहलको कमी र लगानीको स्रोत जुट्न नसक्दा कार्यान्वयनमा ढिलाइ भएको हो । सूचना प्रबिधिमा नमुना जिल्ला बनाउने उद्देश्यले जिल्ला विकास समितिले तिन वर्षअघि म्याग्दीका सबै बस्तीमा इन्टरनेट सुबिधा विस्तार गर्ने योजना अघि सारेको थियो ।

आर्थिक स्रोतको ब्यवस्था नहुँदा योजना कार्यान्वयन हुन नसकेको स्थानीय विकास अधिकारी प्रेमराज गिरीले बताउनुभयो । चार करोड रूपैयाँ लागत अनुमान गरिएको योजनाका लागि जिविसले नेपाल दूरसञ्चार प्राधिकरण कोष र म्याग्दी प्रवासी नेपाली संघ (मोना)लाई प्रस्ताव गरेको थियो ।

कोषमा एक वर्षअघि पेश गरिएको प्रस्तावको बारेमा हालसम्म कुनै प्रतिक्रिया प्राप्त नभएको जिविसले जनाएको छ । "कोषसंग गरिएको लगानीको प्रस्ताव स्वीकृत गराई योजनालाई अघि बढाउन

बाँकी पृष्ठ ७ मा

रोग लुकाउँदा

■ नवविकल्प

लुलाङ ७ की वीस वर्षिया पानु बिक २०७३ पुष १६ गते लमसुङमा आयोजित निशूल्क स्वास्थ्य शिविरमा दुई हात र एक खुट्टाले टेकेर आइपुगिन ।

शिविर सकिने समयमा घस्रीदैं आएकी पानुको अवस्थाले चिकित्सक र स्वास्थ्यकर्मीहरू झस्कीए । दाहिने खुट्टा र कम्मरलाई जोड्ने ठाउँमा भएको संक्रमणका कारण पानुको दाहिने खुट्टा नचल्ने भएको थियो ।

घाउ पाकेर गन्नाउने पीप बगीरहेको थियो । एक वर्षदेखी एउटा खुट्टा खुम्चाएर दुखाइको पीडा सहेर मृत्यसंग लडीरहेकी उनी सिघ्र कुपोषणको समेत सिकार भएकी थिएन् । शिविरमा संलग्न बेनी अस्पतालका चिकित्सक विवेक पौडेलका अनुसार साप्राको माथिल्लो भागको कापामा रहेको घाउबाट गन्हाउने पीप बगेको थियो । लामो समय खुट्टा नचलाउँदा कुज्जिएको थियो ।

"शिविरमा आउँदा उनको तौल २४ किलोग्राम थियो" चिकित्सक पौडेलले भन्नुभयो "त्यहाँ प्राथमीक उपचार र परामर्श दिएपछि जिल्ला अस्पतालमा रिफर ग¥यौ ।" पुष २१ गते बेनी अस्पतालमा उनको रगत र स्वास्थ्य परिक्षण गर्दा क्षयरोगको संक्रमणले घाउ भएको पत्ता लाग्यो ।

चिकित्सक धिरेन मल्ल र पौडेल सहितको टोलीले बेहोस बनाएर घाउ सफा ग¥यो । पाँच हप्तादेखि चिकित्सकको निगरानीमा बेनी अस्पतालमा उपचार गराइरहेकी पानुको अवस्थामा अहिले सुधार आएको छ ।

"घाउ सञ्चो हुँदै गएको छ । पीप बग्न छाडेको छ । खुट्टा चलाउन थालेकी छु" पानुले भन्नुभयो "निको भएर आफैं हिडेर घर जाने साहस पलाएको छ ।" अहिले उनको तौल बढेर ३४ किलोग्राम भएको छ । कम्मर र साप्राको बिचमा हड्डी दुखेको महसुस भएपछी उपचारका लागि श्रीमान धने बिकले उनलाई पोखरा लगेका थिए ।

चिकित्सकले शल्यक्रिया गर्नुपर्ने बताएपछि आर्थिक अभाव र लाजका कारण रोग लुकाएर उनिहरू घरेलु उपचार र झारफुकमा लागे । रोग निको

बाँकी पृष्ठ ७ मा

कैलाश मुद्दती खाता

खुशी भनेकै बढी प्रतिफल पाउनु हो ।

१२%

• ३ महिनादेखि १ वर्षे मुद्दतीमा • त्रैमासिक ब्याज भुक्तानी

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.

www.kailashbank.com

टाइपिङ, सेटिङ र डिजाइनका लागि भरपर्दो ठाउँ

शर्मा डेस्कटप

मो.नं. ९८५७६२१५६०

STUDY & WORK IN **JAPAN**

Admission Open ....

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preparation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice
  TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in **Japan**
for more detail visit us.............

S. Raj Language Institute (P) Ltd.
Sangam Chock-Beni
Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

सूचना

- सूचना हाम्रो अधिकार, सुशासन र विकासको आधार
- सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो ।
- संविधानतः प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।
- लोकतन्त्रको आधार, सूचनाको अधिकार
- सूचना दिने र लिने बानी बसालौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

5f6s/L

धाइरिङ ४ मा एमालेको वडा भेला सम्पन्न

■ नवविकल्प

पर्वतको धाइरिङ ४ नम्बर वडामा शुक्रबार सम्पन्न भएको वडा भेलाले गिरिधारी उपाध्यायको अध्यक्षतामा नेकपा एमालेको वडा कमिटी गठन गरेको छ । कमिटीको उपाध्यक्षमा झलकवहादुर हमाल, सचिवमा सागर पौडेल र उपसचिवमा रेशम श्रेष्ठ चयन हुनुभएको छ ।

वडा कमिटीको सदस्यहरुमा सरस्वती पौडेल,माया देवी शर्मा पौडेल, राजुप्रसाद पौडेल, कृष्णप्रसाद पौडेल र गणेश आचार्य चयन भएको सचिव सागर पौडेलले जानकारी दिनुभयो ।

भेलाले ३ सदस्यीय सल्लाहकार पनि चयन गरेको छ । जसको संयोजक मधुसुदन उपाध्याय,गोविन्द पौडेल र खिम प्रसाद उपाध्याय रहनुभएको छ । भेलाले फागुन १६ गते हुने गाउँ अधिवेशन भव्यरूपमा सम्पन्न गर्न सवै पार्टी सदस्यहरूलाई परिचालन गर्ने निर्णय गरेको अध्यक्ष गिरिधारी उपाध्यायले जानकारी दिनुभयो ।

स्ववियू निर्वाचन केन्द्रित अभियान सुरु

■ नवविकल्प

आगमी फागुन १४ गते स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन हुने भएपछि अनेरास्ववियू म्याग्दीले निर्वाचनलाई केन्द्रित गरेर अभियान सुरू गरेको छ । लामो समय पछि हुन लागेको निर्वाचनमा आफ्नो संगठनलाई जिताउन अभियान सञ्चालन गर्न लागिएको अनेरास्ववियूका जिल्ला उपाध्यक्ष इश्वर सुवेदीले जानकारी दिनुभयो ।

स्ववियू निर्वाचनलाई केन्द्रित गरेर अनेरास्ववियु जिल्ला कमिटी म्याग्दीको मंगलबार अगुवा कार्यकर्ताहरूको भेला गरेको छ । नेकपा एमाले जिल्ला कमिटी अध्यक्ष हरिकृष्ण श्रेस्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भेलामा चुनावी अभियानलाई शसक्त रूपमा लैजाने निर्णय भएको जनाइएको छ ।

भेलामा पार्टी अध्यक्ष श्रेष्ठले म्याग्दीका दुइवटै क्याम्पसमा संगठनलाई जिताउने गरि ससक्त रूपमा अभियान लैजान विद्यार्थीहरूलाई निर्देशन दिनुभएको उपाध्यक्ष सुवेदीले बताउनुभयो ।

जिल्ला कमिटी अध्यक्ष सुबास बिश्वकर्माको संयोजकत्वमा दुइसय एक सदस्यीय स्ववियू निर्वाचन परिचालन समिती गठन गरेको अध्यक्ष विश्वकर्माले जानकारी दिनुभयो ।

भेलाले विभिन्न उपसमितिहरू गठन गरेको छ । प्रचारप्रसार प्रमुख मिलन खत्री,आर्थिक संयोजक दर्पण रोका मगर अखिल फोर्स संयोजक गणेश हमाल सचिवालय संयोजकमा सचिव सावित्री खत्री रहनुभएको छ ।

भेलाले सदस्यता बितरणको काम लाई निरन्तरता दिने, कार्यकर्ता भेटघाट , कमिटी निर्माण तथा स्ववियूमा अनेरास्ववियूलाई जिताउन ब्यापक रूपमा प्रचारप्रसार सहित ससक्त रूपमा विद्यार्थीहरूलाई परिचालन गर्ने निर्णय भएको अध्यक्ष विश्वकर्माले बताउनुभयो ।

म्याग्दीमा सशस्त्र प्रहरीको “क्याम्प” राख्ने तयारी

■ नवविकल्प

म्याग्दीमा सशस्त्र प्रहरीको ‘क्याम्प’ (शिवीर) राख्ने तयारी भएको छ । विपद्को अवस्थामा राहत र उद्धार कार्यलाई ब्यवस्थित बनाउन सशस्त्र प्रहरीको क्याम्प राख्न पहल थालीएको हो ।

सशस्त्र प्रहरीको क्याम्प राख्नका लागि जग्गाको खोजी प्रक्रियालाई अघि बढाइएको प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले जानकारी दिनुभयो । जिल्ला सुरक्षा समितिको बैठकबाट निर्णय गरी गृह मन्त्रालयमा समेत माग गरिएको छ । “बाढी, पहिरो र नदी कटानको उच्च जोखिममा रहेको म्याग्दीमा विपद् ब्यवस्थापनका लागि सशस्त्र प्रहरीको उपस्थिती अती आवश्यक छ“ प्रजिअ पौडेलले भन्नुभयो “यसका लागि प्रक्रिया अघी बढाएका छौं ।“

प्रहरी निरिक्षकको नेतृत्वमा कम्तीमा ४० जना जनशक्ति सहितको स्थाई क्याम्प राख्नका लागि मन्त्रालयमा प्रस्ताव गरिएको प्रशासनले जनाएको छ । म्याग्दीमा विपद् ब्यवस्थापनका लागि पर्वतको कुश्मा स्थित सशस्त्र प्रहरीको चण्डीका गणले सघाउदै आएको छ । टाढाबाट आउनुपर्दा उद्धारमा ढिलाई हुने गरेको छ ।

गलेश्वरमा बसपार्क बन्ने

■ नवविकल्प

बेनी नगरपालिका ८ गलेश्वरमा बसपार्क निर्माण हुने भएको छ । बेनी–जोमसोम सडक अन्तरगत म्याग्दीको राहुघाट क्षेत्रको केन्द्र मानिने गलेश्वर बजारमा यातायात ब्यवस्थापन सहज बनाउन बसपार्क बनाउन लागिएको हो ।

सहरी विकास तथा भवन डिभिजन कार्यालय बागलुङको बेनी बजार भौतीक पूर्वाधार निर्माण कार्यक्रम अन्तरगत यस वर्ष गलेश्वर बसपार्क र क्याम्पसचोक ढल ब्यवस्थापन योजनालाई सिफारिस गरिएको बेनी नगरपालिका कार्यालयले जनाएको छ ।

नगरपलिकाको सिफारीसमा डिभिजनले योजना सञ्चालन गर्ने प्रक्रिया रहेको छ । गलेश्वर बसपार्कका लागि चालीस लाख र क्याम्पसचोक ढल ब्यवस्थापनका लागि दश लाख रूपैया बजेट सिफारीस गरिएको कार्यकारी अधिकृत छवीलाल सुवेदीले बताउनुभयो ।

जिल्लामा क्रियाशिल राजनीतिक दलका प्रतिनिधिहरूको सहभागितामा बसेको बैठकको निर्णय अनुसार दुई योजना सिफारिस गरेको नगरपालिकाले जनाएको छ । उपभोक्ता समिति मार्फत काम हुनेछ् । डिभिजनले बेनी बजारको पुर्वाधार विकासका लागि विभिन्न योजनाहरू सञ्चालन गर्दै आएको छ ।

नवविकल्प साप्ताहिक पत्रिकाको इ-पेपर लगायत ताजा स्थानीय तथा राष्ट्रिय समाचारका लागि-
www.bikalpanews.com

साताका तस्वीर

युवाको काँधमा
महिला भलिबल
तियोगिता-
युवा संघ नेपाल, जिल्ला

उत्कृष्ट खेलाडीको अवार्ड : युवा संघ नेपाल म्याग्दीद्धारा आयोजना गरिएको चौथो युवा भलिबल प्रतियोगितामा महिला खेलाडी तर्फ उत्कृष्ट घोषित बेगखोलाकी सिजन पुर्जा । तस्विर ठाकुरप्रसाद आचार्य

तिलिचो ताल : संसारकै अग्लो स्थानमा रहेको तिलीचो तालको मनमोहक दृष्य । तस्विर निरज थकाली मुस्ताङ

स्वागत नृत्य : बेनीको कालीपुलमा रहेको बालमन्दिर आधारभुत विद्यालयका विद्यार्थीहरु स्वागत नृत्य प्रस्तुत गर्दै । तस्विर नवविकल्प

मुनाबासी आन्दोलनमा

■ नवविकल्प

प्रस्तावीत धौलागिरी गाउँपालिकाको स्थाई केन्द्र मुनामा कायम गर्न स्थानीय बासिन्दाले दवावमुलक आन्दोलन थालेका छन् । मुनामा क्रियाशिल राजनीतिक दल, युवा क्लव, आमा समूह लगायतका संघ संस्थाहरूको एक टोलीले गाउँ पालिकाको केन्द्र मुनामा बनाउन माग गर्दै मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयमा ज्ञापनपत्र पठाएका छन् ।

स्थानीय तहको सिमाना, संख्या निर्धारण गर्न बनेको आयोगले अस्थाई केन्द्र सिफारीस गरेको मुनालाई स्थायी घोषणा गर्नुपर्ने उनिहरूको माग छ । उनिहरूले ताकमका बासिन्दाको दवावपछि केन्द्र परिवर्तन गराउन खोजेको आरोप समेत लगाएका छन् । मल्कवाङ, मराङ, ताकम, मुना, मुदी, गुर्जा र लुलाङ गाविसलाई समेटेर धौलागिरी गाउँपालीका प्रस्ताव गरिएको छ ।

ज्ञापनपत्र बुझाएपछि जिल्ला प्रशासन कार्यालय अगाडी आयोजित कोणसभामा गुर्जाका नेपाली काँग्रेसका नेता कमल छन्त्याललले प्रस्तावीत गाउँपालिकाको सबै गाविसको बिचमा पर्ने र सुगमताका आधारमा मुनालाई स्थायी केन्द्र बनाउनुपर्ने बताउनुभयो । मुना गाउँपालीका केन्द्र संघर्ष समितिका संयोजक रेशम पुनको अध्यक्षतामा भएको कोण सभाको सञ्चालन देवेन्द्र पुनले गर्नुभएको थियो ।

स्थानीय तह पुनसंरचनाका लागि जिल्लामा गठित प्राबिधिक सहयोग समितिले धौलागिरी गाउँपालिकाको केन्द्र ताकम र मुना मध्य एक ठाउँ तोक्न सिफारिस गरेको थियो ।

जिविस, प्रशासन र राजनीतिक दलका नेताहरूले भने आयोगको प्रतिवेदन सार्वजनिक नभएकाले आधिकारिक जानकारी नभएको बताएका छन् ।

नगरपालिकामा विद्युतीय वडापत्र

■ नवविकल्प

बेनी नगरपालिका कार्यालयमा विद्युतीय नागरिक वडापत्र जडान गरिएको छ ।

सर्वसाधारणलाई सेवा सुबिधा प्राप्त गर्ने प्रक्रिया र कार्यकक्षको बारेमा आधुनिक तरिकाले सूचना उपलब्ध गराउने उद्धेश्यले विद्युतीय वडापत्र जडान गरिएको हो ।

विद्युतीय वडापत्रको एलईडीमा कार्यालयले प्रवाह गर्ने सेवा सुबिधा प्राप्त गर्ने प्रक्रियाको बारेमा देख्न सकिन्छ ।

सेवाग्राहीले कुन सेवा कसरी र कुन कार्यकक्षबाट प्राप्त गर्न सकिन्न भन्ने विषयमा अरूलाई सोध्न नपर्ने बेनी नगरपालिका कार्यालयका कार्यकारी अधिकृत छवीलाल सुवेदीले जानकारी दिनुभयो ।

कोठा नम्बर थिचेपछि त्यस कक्षबाट प्राप्त हुने सेवाका लागि पुरा गर्नुपर्ने विवरण देख्न सकिने ब्यवस्था मिलाइएको छ । वडापत्रमा सेवा प्राप्त गर्ने प्रक्रियाको बारेमा स्वचालीत विवरण अद्यावधिक गरिएको छ ।

दुई लाख असी हजार रूपैयाँ लगानीमा विद्युतीय वडापत्र जडान गरिएको कार्यकारी अधिकृत सुवेदीले बताउनुभयो । नगरपालीकाले यसअघि विद्युतीय हाँजीरी मेसीन प्रयोगमा ल्याएको थियो ।

पछिल्लो समय म्याग्दीका सरकारी कार्यालयहरूले सेवा प्रवाहलाई सहज बनाउन प्रबिधिको प्रयोग गर्न थालेका छन् ।

यसअघि जिविसको कार्यालयले समेत विद्युतीय हाँजीरी उपकरण र वडापत्र प्रयोगमा ल्याएको थियो ।

राहुघाट क्षेत्रका विद्यालयको अनुगमन

■ नवविकल्प

जिल्ला शिक्षा कार्यालयको टोलीले म्याग्दीको राहुघाट क्षेत्रका विद्यालयको बस्तुअवस्थाको बारेमा अनुगमन गरेको छ ।

जिल्ला शिक्षा अधिकारी रामकुमार श्रेष्ठ नेतृत्वको टोलीले मुक्तिधाम मावि भगवती र अमर मावि पाखापानी स्रोत केन्द्र अन्तरगतका विद्यालयको अनुगमन गरेको हो । माघ २३ गते जनता मावि दग्नामबाट अनुगमन सुरू गरेको टोली २५ गतेसम्म ८ वटा विद्यालयमा पुगेर बेनी फर्कीएको छ ।

विद्यालयको शैक्षिक, भौतिक, आर्थिक अवस्था तथा ब्यवस्थापकीय पक्षको बारेमा जानकारी लिने उद्धेश्यले स्थलगत अनुगमनसंगै शिक्षक, ब्यवस्थापन समिति र अभिभावकहरूसंग अन्तरक्रिया गरिएको थियो ।

केही विद्यालयमा कक्षा कोठाको ब्यवस्थापन, शिक्षण बिधी र सिकाई अवस्थाको विषयमा कक्षा अनुगमन समेत गरिएको टोलीमा सहभागि अर्जुन मावि भकुण्डेका स्रोत ब्यक्ति दुर्गाराम सुवेदीले जानकारी दिनुभयो ।

अनुगमन टोली दर्मीजाको शिव प्राबि, चिमखोलाको अमर मावि, चिमखोला प्राबी, कुईनेमंगलेको रितुङ मावि, रायखोर प्राबी, कोटगाउँको जनआदर्श प्रावी, पाखापानीको अमर मावि र झिँको महेन्द्र माविमा पुगेको थियो । टोलीमा स्रोतब्यक्ती दुर्गाराम सुवेदी, बालकृष्ण उपाध्याय, दुतबहादुर गर्बुजा र शिक्षा कार्यालयका सब ईञ्जिनियर राजकुमार शाहीको सहभागिता रहेको थियो ।

विद्यालय निरिक्षणको क्रममा कक्षागत तथा विषयगत सिकाई उपलब्धि, विद्यालय ब्यवस्थापन समिति गठन प्रक्रिया, सामाजिक परिक्षण, विद्यालय सुधार योजना, शिक्षण सुधार योजना, कक्षागत पठनपाठनको स्तर, विद्यार्थीको ज्ञमता मापन, पाठ्यक्रम कार्यान्वयनको अवस्था, शिक्षक र विद्यालयको समस्याका विषयमा छलफल भएको थियो ।

शिक्षा कार्यालयको टोलीलाई प्रअ, ब्यवस्थापन समिति र शिक्षकहरूले दरबन्दि अनुसारका शिक्षक र भौतिक पुर्वाधारको ब्यवस्था गर्न माग गरेका थिए । टोलीले विद्यालयको भौतिक विकासका लागि प्राथमिकता दिने प्रतिवद्धता जनाउँदै सिकाई उपलब्धिमा सुधार ल्याउन ध्यान दिन सुझाव दिएको थियो ।

यसैबीच म्याग्दीको कुईनेमंगलेलाई सोमबार साक्षर गाविस घोषणा गरिएको छ । कुईनेमंगलेमा बसोबास गर्ने १५ देखि ५८ बर्ष उमेर समूहका ८६ प्रतिशत सर्वसाधारणले अंक अक्षर चिन्न र पढ्न सक्ने भएपछि साक्षर गाविस घोषणा गरिएको हो । घोषणासभालाई सम्बोधन गर्दै सांसद् रेशम बानियाँले शैक्षिक जागरणबाट मात्रै सामाजिक परिर्वतन सम्भव भएको बताउनुभयो । दुर्गम क्षेत्रमा देखिएको शैक्षिक जागरणले अन्य क्षेत्रलाई पनि पाठ सिकाएको भन्दै उहाले गाविसमा रहेको माध्यामिक विद्यालय सञ्चालनका लागि दरबन्दी, भौतिक पूर्वाधार विकासमा आफुले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । गाविस सचिब जीतबहादुर सुनारको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला शिक्षा अधिकारी रामकुमार श्रेष्ठ र नेपाली काँग्रेस म्याग्दीका सभापति खमबीर गर्बुजाले साक्षरता अभियानले तीब्रता पाईरहेकोले जिल्लालाई छिट्टै साक्षर जिल्ला घोषणा गरिने बताउनुभयो ।

रितुङ माविका प्रधानाध्यापक खिमबहादुर छन्त्याललले स्वागत गरेको कार्यक्रममा नेपाली काँग्रेस म्याग्दीका महाधिवेशन प्रतिनिधी एवं तरूण दलका अध्यक्ष मुकुन्द छन्त्याल, नेपाली काँग्रेसका जिल्ला सदस्य केवी भण्डारी, जिल्ला सदस्य एव जिविस अर्न्तगत रहेको आदीबासी जनजाति समन्वय समितिका उपाध्यक्ष ओम छन्त्याल, रितुङ मावि विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष गमान छन्त्याल, पाखापानी स्रोत केन्द्रका स्रोतब्यक्ति बालकृष्ण उपाध्याय, स्रोतब्यक्ति दुर्गाराम सुवेदी, दुतबहादुर गर्बुजा, रघुगंगा प्रावि चौरखानीका प्रधानाध्यापक चन्द्रमान छन्त्याल र स्थानीय गकुलमति छन्त्यालले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा स्थानीय आमा समूह, रितुङ माविका विद्यार्थी लगायतले लोपोन्मुख थालीनाँच प्रस्तुत गरेका थिए । नौ वटै वडाका स्थानीयको सहभागिता रहेको कार्यक्रमको सञ्चालन रितुङ माविका शिक्षक बलराम खनाल गर्नुभएको थियो ।

द फस्ट प्रपोज, रिक्वेष्ट नम्बर ५०१

> ... स्कुल पढ्दाका साथी, कलेज पढ्दाका साथी, बाटोमा भेटिएका साथी, बसमा यात्रा गर्दा भेटिएका साथी, फेसबुकमा भेटिएका साथी । आखिर कुन चाहीँ साथी हो त उ ? स्कुल पढ्दाका सबै साथीहरु आफ्नै धुनमा छन्, केहीलाई 'ब्लक' पनि हानेकी छु । केहीसँग मात्र 'कन्टयाक'मा छु । 'प्लस टु' पढ्दाका साथीहरु धेरै विदेश होमिए । बाटोमा भेटिएका, यात्रामा जुरेका, फेसबुकमा साथी भएका जहाँ भेटिए त्यहीबाट बिलाए ।

- **सविता सापकोटा**

आजकल फेसबुकमा धेरै रिक्वेष्टको ओइरो लाग्न थालेको छ । फेसबुकको सेटिङमा 'हु क्यान सेन्ड यू फ्रेन्ड' रिक्वेष्टमा 'फ्रेन्डस अफ फ्रेन्डस' त गरेकी छु तैपनि आफ्ना सक्कली नाम बिगारेर पढ्नै नजान्ने नामबाट पनि 'फ्रेन्ड रिक्वेष्ट' आउने क्रम जारी छ ।

'फ्रेन्ड रिक्वेष्ट' पठाउनेमा केटीभन्दा केटाहरूको संख्या धेरै नै छ । आजकलको फोटो इडिटरले गर्दा फेसबुकमा रहेका तस्बिर आर्कषक नै देखिने गर्छन । हुन त रिक्वेष्ट पठाउन न कर लाग्छ न त भारी बोकेर नै हिँडनुपर्छ । सित्तैमा पठाउन पाइने रिक्वेष्ट पठाउन के लोभ गर्नु भन्ने पनि लाग्दो हो धेरै जनालाई । 'एसेप्ट' गरे साथी बनौला चिनजान गरौँला नगरे केही भएन । कहिलेकाहिँ आफ्नै साथी भाईको 'रिक्वेष्ट ऐसेप्ट' नगरेर ठूली भइस् भन्ने आलोचना खेप्न बाध्य हुन्छु । 'रिक्वेष्ट' आएपछि एकपल्ट 'प्रोफाइल' हेर्छु र चिनेको जस्तो लागे 'फ्रेन्ड लिस्ट' बढाउँछु । 'रिक्वेष्ट'को ओइरो लागेकाले केही दिन यता सबैको 'प्रोफाइल' हेर्ने कार्य स्थगित थियो । कलेजमा परिक्षा चलेकोले फेसबुकमा धेरै समय बिताउन पाएकी थिइन् ।

सानो छँदा दशैंमा नयाँ कपडा लगाउन पाउँदा खुशी भएझैं सुरूसुरूमा फेसबुक चलाउँदा पनि रमाइलो लाग्थ्यो । त्यतिबेला नचिनेको मान्छेको पनि 'रिक्वेष्ट एसेप्ट' गर्थे र गफ लगाउँथे । तर, आजकल भने त्यस्तो मोह जाग्दैन । सायद अन्य सामाजिक सञ्जाल जस्तै ट्विटर, भाइबर र स्टाग्रामले पनि फेसबुक चलाउनबाट यो मनलाई ओजेल पारेको होला ।

आफ्नो नामलाई विभिन्न टुक्रमा विभाजन गरिएको नामबाट रिक्वेष्ट आयो । नाम पनि कस्तो अनौठो, पंकी ब्वाई । एउटै नाम(लाई लामो बनाएर लेखेको, यसो प्रोफाइल हेरे चिनेजस्तो लागेन, ३ जना साथीहरू 'मियुचल फ्रेन्ड' थिए । 'मियुचल फ्रेन्ड' हुँदैमा सबै चिनेका पनि हुँदैनन् । कोही अन्जान नै हुनसक्छ । 'फेक' नाममा फेसबुक चलाउने सबै 'फेक' हुन जस्तो लाग्छ । रिक्वेष्ट आएको ३ दिनपछि उसले म्यासेज गऱ्यो । किन यति धेरै भाउ दिने भएकी ? बजारमा सबै चिजको भाउ बढेकोले, सामान्य उत्तर दिए । 'हु एज दिस ?' प्रश्न गरे ।

उताबाट अनअपेक्षित उतर आयो । 'दिस इज मान्छे ।' हाहा कस्तो उतर के जनावरले फेसबुक चलाउँछ । अनि किन सोधेकी त ? जान्न मन लागेर । ३ दिनसम्म जान्न मन लागेन तिमीलाई ? म अल्लि ' बिजी' थिएँ त्यसैले । काठमाडौँ आएपछि सबैजना 'बिजी' हुन्छन कि के हो ? मैलै हाहा गरेर टारे । उताबाट 'इमो'को बर्षात भयो बर्खा यामको झरीजस्तै गरी असिना पनि आउँछ कि जस्तो लागेको थियो । धन्न आएन । 'इमो' पनि एकैपटक कति पठाएको होला । दिक्क लाग्ने गरी । फेसबुकले सित्तैमा दिएको इमोको दुरूपयोग गर्छन धेरै फेसबुक प्रयोगकर्ताहरू । त्यो मध्येको एकजना 'पंकी ब्वाई'पनि रहेछ ।

तिम्रो ढुङगा जस्तो मन परिवर्तन भयो कि उस्तै छ ? को हो मेरो मन जाँच्न खोज्ने । तिम्रो शुभचिन्तक । हाहा मेरो शुभचिन्तक कोही पनि छैन, मेरा बाबा आमाबाहेक मेरो बारेमा सोच्ने कोही पनि हुन सक्दैन । तिमी को हो ? मैले सोधे । छोटो उत्तर दियो, शब्दको अभाव भए जस्तैगरी, साथी । हुन तः जीवनको धेरै वसन्त पार गरेकी छैन । तर, आजसम्म धेरै साथी भए । स्कुल पढ्दाका साथी, कलेज पढ्दाका साथी, बाटोमा भेटिएका साथी, बसमा यात्रा गर्दा भेटिएका साथी, फेसबुकमा भेटिएका साथी । आखिर कुन चाहीँ साथी हो त उ ? स्कुल पढ्दाका सबै साथीहरू आफ्नै धुनमा छन्, केहीलाई 'ब्लक' पनि हानेकी छु । केहीसँग मात्र 'कन्टयाक'मा छु । 'प्लस टु' पढ्दाका साथीहरू धेरै विदेश होमिए । बाटोमा भेटिएका, यात्रामा जुरेका, फेसबुकमा साथी भएका जहाँ भेटिए त्यहीबाट बिलाए ।

फेसबुकमा फोटो एउटा मात्र थियो त्यही पनि मुहार राम्रोसँग नदेखिएको । कसैले चिन्ला जस्तो गरी नचिन्ने फोटो राखेजस्तै । मैले चिन्न सकिन को साथी हो ? हुनत तिमीले मलाई कहिले चिन्यौं र बुझ्ने कोसिस गऱ्यौ र ? केटो अलि भावुक नै भयो । कक्षा ८ पढ्दाको एउटा फोटो पठायो । स्कुल पढ्दाको साथी रहेछ भन्ने लाग्यो र रिक्वेष्ट एसेप्ट गरें, ५०१ मा पुगेको 'फ्रेन्ड रिक्वेष्ट' घटेर ५०० मा झऱ्यौ । तर, को होला यसरी फोटो नै सेभ गरेर राखेको । सामूहिक फोटो थियो । सबैको मुहार याद गर्ने थाले । ती दिनहरूको याद आयो । साथी भाइहरूसँग चौरमा खेलेको, खाजा सँगै बाँडेर खाएको र एउटाले होर्मक नगर्दा कपी पास गरी-गरी शिक्षकको आँखा छलेको । जीवनको सबैभन्दा रमाइलो क्षण । कति रमाइला थिए ति दिन, शान्त थियो मन । आमाको र शिक्षकको आँखा छल्न पाए पुगथ्यो । न भविष्यको चिन्ता थियो न त पढाइको नै ।

सरी मैले चिन्न सकिन, नाम भनन् को हो ? फेरी 'ब्लक' हान्यौ भने, पंकी ब्वाईले भन्यो । 'ब्लक' गरेका नामहरू याद आउन थाल्यो र सम्झिए त्यही साजन हो जो ८ कक्षादेखि मेरो पिच्छा गरिरहेको छ र कक्षा ८ मा पढ्दा उसले पहिलो प्रपोज राखेको थियो । पहिलो ' आइडी'मा 'ब्लक' हानेकोले फेरी अर्को 'आइडी' बनाएर 'रिक्वेष्ट' पठाएछ । त्यो बेलामा पनि कक्षामा एकदुई जोडीहरू थिए । माया भन्ने शब्द मात्र थाहा थियो तर त्यसको अर्थ थाहा थिएन । सायद माया प्रेमको अर्थ नबुझ्दै कसैलाई प्रेम गरेको भए, म माया जालमा पर्थे होला । तर, जब बुझ्ने भए अरूका कहानीहरू सुने त्यसपछि त झन दुई कोस पर सर्ने थाले । तिमी सुध्रियौकी उस्तै छौ ? मलाई सोध्न मन लाग्यो । प्रश्नको उत्तर दिएन । एउटा 'इमो'ले टार्यो ।

कक्षामा सधैँ लास्ट बेन्चमा बस्थ्यो । सधैँ विषय लागेर कक्षा उकलन्थ्यो । नजान्ने भन्दापनि उसको पढाई बाहेक अन्य कुरामा रूची थियो, खेलमा । गलफ्रेन्ड बनाएको छौ कि नाई ? मैले सोधे । बनाए, उसले भन्यो । बधाई छ । धेरै कुरा सोध्न मन थियो तर सोधिन । आज धेरै दिनपछि तिम्रो याद आयो अनि फेसबुकमा खोजेर 'एड' गरेको । 'पिल्ज ब्लक' नहान ल । हुन्छ भने अब उसकी प्रेमिका भईसकेपछि अलिअलि बोल्दैमा के होला भन्ने लाग्यो । कहिलेकाहिँ हाई हेल्लो हुन्थ्यो, स्कुल पढ्दाका कुरा हुन्थे ।

एकदिन उसको 'आइडि'बाट म्यासेज आयो, तिमी को हो ? अकस्मात कस्तो प्रश्न । मैले केही लेखिन । साजन मेरो 'ब्वाईफ्रेन्ड' हो अबदेखि तिमी उसँग नबोल्नु । हाहा हस् भने र फेरी 'ब्लक' हानिदिए । आखिर मैले उसँग माया प्रेमको कुरा गरेकी होइन् न उसलाई आर्कषित नै पार्ने खोजेकी हुँ । उफ ! अचम्म लाग्छ आफ्नो फेसबुक 'आइडी' त स्वत्रन्ताका साथ चलाउन पाउनुपर्छ नि । के एउटासँग प्रेम गर्यो भन्दैमा अन्ड साथीहरूसँग बोल्नै नहुने हो र ? यो माया हो की बन्धन । सोधैँ आफ्नै मनसँग उत्तर आएन र लागे आफ्नै काममा र सोध्न मन लाग्यो सबैसँग के एउटासँग माया गर्दैमा अर्को साथीसँग बोल्नै नहुने हो र ? सबै प्रेम जोडीमा लागि मेरो प्रश्न ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर बिक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

निर्वाचनको वातावरण बनाऔं

gofF;Ljwfgnf0{ sfof{Gjog ug{:yfgLo,kb}z / ;3Lo ltgj6}txsf]lgjf{rg ug'{clgjfo{5 . !% jif{ eGbf j9L ;do l/Qm /x]sf]:yfgLo txsf]lgjf{rg ug'{ klxnf] k|yldstf xG5 . :yfgLo lgsfo hgk|ltlglw ljlxg xF]f ljsf; lgdf{0fn]ult lng ;s]sf]5}g . sd{rf/Lsf e/df ;~rfng ePsf]:yfgLo lgsfo hgtfk|lt pQ/bfoL 5}g . To;}n]klxnf]:yfgLotxs}lgjf{rg ug{kb{5 . ;/sf/n]kl5Nnf];do h]7 dlxgf leq}:yfgLotxsf]lgjf{rg ug{]sf nflu lgjf{rg cfof]unfO{kq ;d]t n]lv;s]sf]5 . ;QfkIf / g]skf Pdfn]ljr h]7 dlxgf leq}:yfgLotxsf]lgjf{rg ug{]sf nflu ;xdlt sfod ePsf]5 . ;+bn]:yfgLo lgjf{rg P]g kfl/t ul/;s]sf]5 . kl5Nnf];do /fi6«kltn]lgjf{rgsf ;DaGwdf lrGtf JoQm ub}{;j}/fhgLlts bnx? ;F 5nkmn rnfpg'ePsf]5 . o;n]klg dh'sdf lgjf{rgsf nflu bjfj l;h{gf ePsf]5 .

cfudL df3 & ut]ltgj6}txsf]lgjf{rg ;DkGg ul/ dh'snfO{gofF;Ljwfgsf]sfof{Gjogsf]af6f]tkm{ nh}fgkg]{k|dv r'gf}tL 5 . dVo /fhgLlts bnx?sf] ;xdlt,Pstf / ;xsfo{af6 g} r'gf}tLnfO{ cj;/df jbNg ;lsG5 . nfdf];do ;Dd0fsfn /lx/xbf gful/sx?df /fhgLltk|lt g}lj|t[0ff kb}f ePsf]5 . gful/x?df lg/fzf a9b]f]5 . cJoj:yf,ebi6fn,cof]Uotf,csd{0otf xfdf]/fhgLlt lgolt g}ag]sf]5 . clxn]/fhgLltdf blvPsf k':tfaf6 o;sf];dfwfg xg]s'/fdf gofF k':tfn]cfzf ug{5fl8;s]sf]5 . ;j}:jfy{/ lg/Lxtfdf s}b ePsf blvG5g\. /fhgLlt e|i6frf/sf]kof{ag]sf]5 . /fhgLlt sdfpFwGbf ag]sf]5 . k'/fgf k':tfn]/fhgLltnfO{sAhf u/]sf 5g\. gofF k':tf /fhgLltdf cfpg]9f]sf aGb 5 . cfjlws lgjf{rg / alnof];Qf gxF]f /fhgLltdf cfpg]gofF g]t[Tj sf]ljsf; xg';s]sf]5}g . gofF o'jfx?n]/fhgLltdf cj;/ kfpg ;s]sf 5}g\.

dh'snfO{ cfly{s ;d[4lt/ nh}fgsf nflu gofF ;Ljwfgsf]sfof{Gjog clgjfo{5 . To;sf nflu lgjf{rg clgjfo{xG5 . clxn]blvPsf gful/ssf c;Gt'i6L / lg/fzfx?nfO{cfzfdf abNgsf nflu lgjf{rg alnof] dfWod xg';S5 . To;}n]l9nf gu/L :yfgLotxsf]lgjf{rgsf] ldlt 3f]if0ff ug{kb{5 . clxn] ;/sf/n]lgjf{rgsf nflu b}lvfPsf];lqmotf ;s/fTds blvG5 . ljkIfL bnx?n]klg lgjf{rgsf]jftf/0f tof/ kfg]{s'/fdf s'g}s ;/ jfFsL /fVg' xF]g . lgjf{rg gug{/ ;Qf nDafpg]vh s;}sf nflu klg lxts/ gxF ;S5 . To;}n];j}/fhgLlts bnx?n]Psk6s ;f]g h?/L 5 . lgjf{rgsf nflu cj l9nf ug{xF]g .

l6Kk0fL, k|ltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:

bikalpanews@gmail.com

फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

गलत शब्दको प्रयोग र भाषाको बर्बादी

... उपयुक्त शव्द प्रयोग हुन नसक्दा अर्थको अनर्थ लग्नु त स्वाभाविकै हो तर मिठास र भाषाको वजन नै हुँदैन। पद संगति, लिङ्ग बचन काल आदि ख्याल नै नगरी हामि बोल्ने गरेका छौ जस्तो बोल्यो उस्तै लेख्ने आदत बस्यो भने भाषाको बर्बादी नहोला भन्न सकिन्न। हुन त आजकल नेपाली भाषा भन्दा अंग्रेजी भाषा लोकप्रिय बन्दै गैरहेको छ किन कि यो बिदेशी भाषा हो हामी पनि आफ्ना नानिबाबुहरुलाई अंग्रेजी स्कुलमा पठाउँछौ उसले २, ४ जना मान्छेको अगाडी केही बाक्य अंग्रेजी बोल्यो भने नाक फुलाउँछौ तर के हामीले सही तरिकाले बोलिरहेका छौ ?

- कृष्ण जि.सी.

बेला बेलामा म निकै भाबुक बन्छु र घोतल्किन्छु, । हुन त धेरैको आदत यस्तै हुन्छ होला । सबैलाइ सधै यस्तै हुँदैन कुनै खास परिस्थिति र अबस्था नआए सम्म कोही पनि घोरिदैन होला । केही दिन देखि मलाइ एउटा परिबेश, घटनाले निकै घोरिने बनाएको छ । बाटो हिँड्दा पनि खासै कसैको ध्यान नै हुँदैन दायाँ बायाँ नहेरी हिड्ने, कसैले भ्याप्पै बोलाइ हाल्यो भने हँ.... अँ..... भनेर झस्किने । के भा को हो खै पत्तै पाउन सकेको छैन । एकोहोरो जस्तै भएको छु । खाना खाने बेलामा त झनै कुरै नगरौं । राति अबेर सम्म निद्रा नै लाग्दैन खटपट भै रहन्छ घरि यता पल्टियो घरि उता फर्कियो खै कुनी कतिबेला आँखा जोडिने रैछन बिहान बल्ल थाहा हुन्छ । कहिले कहीँ त दांत माझ्दै माझ्दै घर बाट बाहिर निस्केर हिडिंदो रैछ । कैले काहीँ त कसैले पागलको संज्ञा दिने हुन्की भने झैँ लाग्छ । कुनै खास बिषयमा चासो दिएर घोरियो भने यस्तो हुन्छ रे भन्ने सुनेको थिए सायद त्यही भयो होला तर खासै त्यस्तो गहराईमा गएर मैले सोच्ने बिषय बस्तु त केही हैन तर केहि दिन देखि मेरो मनमा एउटा घटनाले डेरा जमाएर बसेको छ र त्यही कुरा बारम्बार सम्झिरहन्छु अनि किन यस्तो भयो तर यसको जिम्मेबारी को हो भन्ने कुराले मलाइ सधै घोरिने बनायो । देख्नेहरू भन्छन कुनै कुरामा यसरी एकोहोरो हुने हैन तर मेरो यो सानै देखिको आदत हो । कसैले केहीकुरा गर्‍यौं भने त्यसलाई निकै गहिरिएर लिने सोच्ने मेरो आदत भएकै कारणले यस्ता कुरामा म बढी नै भाबुक हुन्छु ।

पेशाले म एक निजि बिद्यालयमा पढाउने शिक्षक हुँ। बिद्य्यालयमा हुने बालबालिकाका गतिविधिले ध्यान तान्नु स्वाभाविक नै हो । विद्यार्थीको शारिरिक मानसिक र मनोबैज्ञानिक परिबर्तन संगै शिक्षकमा सो अनुसारको बुझाई हुनु र सिकाई प्रक्रियामा परिवतृन ल्याााउनु मुख्य भूमिका हुन्छ तर मलाई कक्षागत कुरा भन्दा पनि अन्य गतिबिधिले बढी छुने गरेको हो । त्यसो त मैले मात्रै हैन होला यस्ता कुरा अनुभव गरेको धेरै जसो शिक्षण पेशामा संग्लन शिक्षक शिक्षिकाले यस्तै समस्या र परिस्थितिसंग जुधिरहनु भएको हुन सक्छ ।

हाम्रा पालामा त हामी यस्ता थिएनौ तर आजकलका केटाकेटी किन यस्ता हुन् धेरै अभिभावकको गुनासो पनि यस्तै हुने गर्छ तर म यसलाई सहजै स्विकार्दिन । समय अनुसार केटाकेटीहरू बढी उत्सुक जिज्ञासु हुनु स्वभाबिक नै हो । के हामी हाम्रा बाबुआमा जस्तै थियौं र ? पक्कै थिएनौ त्यसैले समय अनुसार सबै परिबर्तन हुनु जरूरी छ तैपनि अनपेक्षित कुराहरू हुने गरेको र कतिपय सहजै स्वीकार्न नसकिने गतिबिधि र क्रियाकलाप हुनेगरेको देख्दा नै मलाई बढी सोच्न बाध्य बनाउने हो ।

हरेक चिज समयान्तर परिबर्तनशिल हुन्छ तर अनपेक्षित रूपमा भएका परिबर्तनले समाज र सामाजिक अबस्थालाई प्रतिबिम्बित नगरी बिकृति र विचलनका झिल्काहरू फ्याँकेका हुन्छन् । हुनत हामी बिस्तारै भौतिक परिवेष, अबस्थालाई त्याग्दै शांखिक, डिजिटल दुनियाँमा प्रवेश गर्दैछौं तर यथार्थलाई भने बेवास्ता गरेकै हो र यकिन पनि गर्न सकिन्छ । मेरो चासोको बिषय हो हामीले बोल्ने भाषा प्रतिको । हो हामी सबैको भाषा नेपालि नै हो लेख्ने भाषा आम संचारको भाषा नेपालि नै हो । चाहे हामी अन्य भाषा अंग्रेजी हिन्दी बोले लेखे पनि बुझाइ भनेको नेपालीमै हुन्छ । त्यसो त यो भाषाको बिषयमा रास्ट्रिय स्तरमै पनि गम्भीर छलफल नभएको र नउठेको हैन । हिज्जे, बर्ण विन्यास लगायतका बिषयमा निकै गम्भीर मुद्दा उठेका छन् तर मेरो चासो भनेको त्यति बृहत र गहन बिषय भन्दा पनि बोलाइको भाषा प्रतिको हो चाहे त्यो अंग्रेजी होस् या नेपाली ।

तपाई हामी आफ्नै किसिमले बोल्ने गर्छौं र आफ्नै टोन छ बोल्ने । स्थान अनुसार बोल्ने शैली, सब्दौच्चारण पनि फरक छ तर त्यो हाम्रो चिनारी हो, परिचय हो । मैले त्यसलाई उल्लेख गर्न खोजेको पनि हैन । हाम्रो पश्चिमे भाषा शैली आफ्नै छ, पूर्वेली शैली अर्कै छ, झनै मध्य र सुदुरपश्चिम गर्‍यौ भने उनीहरूको पृथक शैली पाउँछौं । त्यो स्थान बिशेषको चिनारी पनि हो तर बोल्दा जस्तो बोले पनि लेखाइमा खासै त्यसको प्रभाब देखिदैन हाम्रो पस्चिमे शैलीमा, खाइच्च, आइच्च, गैच्च भनेर बोले पनि लेख्दा आएको छ, खाएको छ गएको छ, नै लेख्छौं । बोल्दा स्वर तान्ने, घुमाएर बोल्ने यस्ता कुरा भन्दा पनि आजकल नेपाली भाषामा नयाँ पुस्ताको एक प्रकारको शैलीको विकास भएको छ अनौठा शब्द, अर्थ नबुझ्ने शब्दको प्रयोग गर्ने त्यसले हो मेरो ध्यान तानेको र घोताल्किने बनाएको र तपाईहरू पनि चासो राख्नुहुन्छ होला ।

नेपाली भाषा हाम्रो आफ्नो भाषा त हामीले के बनाउदै छौ अचम्म लाग्छ, झन् अंग्रेजी त हाम्रो आफ्नो भाषा हैन त्यसलाई त झनै अर्कै प्रकारले बोल्छौं । यसैले लाग्छ हाम्रो भाषा कता जादैछ ? एउटा सामान्य उदाहरण प्रस्तुत गर्न मन लाग्यो मेरो बाबा हरिप राम्रो हुनुहुन्छ ..... आजकल प्रयोग हुने भाषा स्कुले केटाकेटीदेखि धेरैले यो हरिप भन्ने शब्द यति बिधि प्रयोग गर्छौं कि अझ ... आज हरिप भोक लागेको छ .... अरू त ठिकै हो तर यो हरिप भन्ने शब्दको अर्थ बुझेर प्रयोग गरिएको छ या नबुझिकन ? नेपाली शब्दकोश पल्टाएर हेर्ने हो भने यसको अर्थ के हुन्छ ः हरिप– वि)ृअ) कत्ति पनि धनसम्पत्ति नभएको कङ्गाल . २. भनेको नटेर्ने, जोधाहा . ३. शत्रु दुस्मन । अब भनौ हाम्ले किन यस्तो शब्द प्रयोग गरेका छौ के यो हरिप शब्द उचित छ ? यी त उदाहरण मात्रै हुन् भाषा बिगारेका हौं या हैनौ तर शब्द गलत प्रयोग गर्दै छौं । किन कसरी यस्तो भैरहेको छ म बुझ्न सकेको छैन अझै रमाइलो ..... हरिप भोक लागेको थियो एक प्लेट म.म. हान्देको रे ...... यो हान्नु को अर्थ के हो कुन्नि ? शब्दकोष अनुसार हान्नुको अर्थ ः हान्नु– स) क्रि)ृसं) हान्ने !. हातहतियार, सिङ, मुक्का, लात्ती आदिले कसैमाथि प्रहार गर्नु, हिर्काउन' . २. काठ, ढुङ्गा आदीमा बन्चरो, घन, मुङ्ग्रो आदि चलाउनु ठोक्नु . ३. घडी, घण्टा आदी बजाउनु . ४. दाउमा मार्ने उद्देश्यले कौडा, पासा आदि छाड्नु वा पैसा हार्नु . ५. स्त्रीसमागम गर्नु . ६. अर्काले उठाउने लोभमा हानी पुर्‍याएर आफ्नो लाभ गराउनु . ७. छिटै हिँड्नु' टाढा मिल्काउन वा फाल्नु' (जस्तो– वेग हान्नु', ढुङ्गा हान्नु, जाल हान्नु इ) यस्तो हुन्छ । खाने भन्ने भाब संग पटक्कै मिल्दैन अब अंग्रेजीका कुरा गर्ने भने त उदेक लाग्दो नै छ एक त अंग्रेजी हाम्रो भाषा हुँदै हैन तर अर्काको भाषा भए पनि त्यसलाई आफ्नो शैलीमा बोल्दा झन् लथालिङ्ग बनाउँदैछौं । भाषाको सबैभन्दा महत्वपुर्ण कुरा टोन हो टोन नमिल्दा अनर्थ लाग्न सक्छ कुनै भासा सिक्नु पूर्व टोन नै ख्याल गर्नु पर्छ तर हामीले अंग्रेजी बोल्दा नेपाली टोनमा बोल्यौ भने हाम्ले त बुझौला तर जसले बुझ्नु पर्ने हो उसले नबुझ्न सक्दछ ।

यहाँ चासो त्यो पनि हैन हामीले नेपाली र अंग्रेजी लाइ मिसाएर नेपांग्रेजी बनाउँछौं र यसले झन् समस्या पारेको छ । भाषालाई स्ल्यांग बनाएर बोल्दा केटाकेटीहरूको लेखन शैलीमा पनि त्यही आदत बन्ने गरेको छ । अझै आजकल त यो फेस्बुके भाषाले झनै रमाइलो बनाएको छ । अंग्रेजी लेख्दा You are my best friend यसलाई लेख्दा U r my best fren यस्तो लेखाइ देखिन थालेको छ । अब के गर्ने यसले हो सोच्ने पर्ने बनाएको गहिरिने बनाएको । हामी अक्षर बर्ण विन्यासका कुरा भन्दा पनि आजकल जतातत्तै सुनिने यस्तै भाषा र लेख्न समेत थालिएका यस्तै भाषाले भाँडमैलो मच्याएको छ । स्कुलले विशेष चासो दिनु पर्छ भनेर पनि भन्ने गरिएको छ तर आम रूपमा बोलिने भाषालाइ तत्कालै सुझाउने हो भने केहि सुधार हुन सक्ला नत्र भने नेपाली र अंग्रेजी कथ्य भाषा र हुँदा हुँदा लेख्य भाषा समेत संकटमा पर्दैछ ।

भाषाको विषयमा एक जनाले सोचेर हुने हैन यो आम चासोको बिसय हो । उपयुक्त शब्द प्रयोग हुन नसक्दा अर्थको अनर्थ लग्नु त स्वाभाविकै हो तर मिठास र भाषाको वजन नै हुँदैन । पद संगति, लिङ्ग बचन काल आदि ख्याल नै नगरी हामि बोल्ने गरेका छौं जस्तो बोल्यो उस्तै लेख्ने आदत बस्यो भने भाषाको बर्बादी नहोला भन्न सकिन्न । हुन त आजकल नेपाली भाषा भन्दा अंग्रेजी भाषा लोकप्रिय बन्दै गैरहेको छ किन कि यो बिदेशी भाषा हो हामी पनि आफ्ना नानिबाबुहरूलाई अंग्रेजी स्कुलमा पठाउँछौ उसले २, ४ जना मान्छेको अगाडी केही बाक्य अंग्रेजी बोल्यो भने नाक फुलाउँछौ तर के हामीले सही तरिकाले बोलिरहेका छौं ? यो चासोको विषय हो । सकिन्छ सहि शुद्ध बोल्ने कोसिस गरौं हैन भने लथालिङ्ग पाराले बोल्ने हो भने न अंग्रेजी न त नेपाली, भाषा खत्तम हुन्छ फेरी अर्को उदाहरण प्रस्तुत गर्न मन लाग्यो त्यो त क्या खत्तम छ ः खतम– ना)ृअ) खत्म !. कुनै काम'को टुङ्ग्याइ समाप्ति .२. अन्त आखिरी . ३. नाश लोप . ४. मृत्यु देहावसान मरण . अब अर्थ नै खोज्ने हो भने त्यति मिलेको छैन ।

त्यसैले हामी न त अंग्रेजी न त नेपाली नै राम्रो संग बोल्न र लेखन थाल्यौं शब्दको बर्बादी गर्दैछौं । जस्तो बोल्न थाल्यो त्यस्तै लेख्ने आदत बस्यो भने यसले भाषा लाई कहाँ पुर्‍याउला ? धेरै छन् हेर्नु पर्ने पक्ष र सच्याउनु पर्ने पक्ष त्यसैले आजै देखि सुधारात्मक आन्दोलन नथाल्ने हो भने हाम्रो भाषाको हालत झनै बिग्रन्छ ।

त्यसो त एउटा ब्यक्तिले पहिले बोल्न सिक्ने ठाउँ भनेको उसको आमाबाबुको काख नै हो । घरमा जस्तो भाषा सिक्तछ सोही अनुसार नै उसको बोल्ने शैलीको बिकास हुने हो । बिद्यालय त सुधार गारिने ठाउँ हो । सैद्धान्तिक पक्षको संरचनागत सुधार गर्ने ठाउँ बिद्यालय नै हो तर शिक्षकहरूमा भएको उदासिनता र अन्योलता नै मुख्य कारक बनेको छ ।

हामी भएन भन्न जानेका छौं तर कसरी सुधार गर्न सकिन्छ भनेर खोजिनीति गर्दैनौ यदि शिक्षक आफ्ना बिद्यार्थीले गलत बोलिरहेको ठाउँ या अशुद्ध बोलिरहेकै अवस्थामा तुरुन्तै सुधार गरिदिन सक्यौं भने उसले उद्धार गर्न सक्छ । अंग्रेजी भाषा पनि त्यस्तै हो ब्याकरण नमिलाई बोलेको छ भने तुरुन्तै उसलाई सुधार गरिदिन सक्यौं भने त्यसको प्रभावले उसले आफ्नो बोलीचाली र भाषा सुधार गर्न सक्छ अंग्रेजी होस या नेपाली होस् पूर्ण बाक्य पद्संगति मिलेको बाक्य बोल्न सिकाउने हो भने सुधार हुन्छ र भाषामा मिठास आउँदछ ।

■

थवाङबाट क्रान्तिको उद्घोष : बाँस्तोला

■ नवविकल्प

नेकपा (माओबादी) म्याग्दीका नेता धर्मेन्द्र बाँस्तोलाले रोल्पाको थवाङबाट जनक्रान्तिको उद्घोष गर्ने बताउनुभएको छ । म्याग्दीको सदरमुकाम बेनीबजारमा नेकपा माओबादीको तेस्रो जिल्ला सम्मेलन उद्घाटन गर्ने नेता बाँस्तोलाले देशमा नयाँ क्रान्तिको आवश्यकता भएको बताउनुभयो ।

सामान्ती राज्य सत्ता ढलेर अहिले दलाल राज्य सत्ता स्थापना भएकाले क्रान्तिको माध्यमबाट जनवादी सत्ता स्थापना गर्न माओबादीले एकिकृत जनक्रान्तिको कार्यदिशा ल्याएको उहाँको भनाई थियो ।

उहाँले मुलुकलाई आर्थिक समृद्धि तिर लैजानका लागि वर्तमान राज्यसत्ता बाधक भएको बताउँदै क्रान्तिकारी आन्दोलनबाट जनवादी राज्यसत्ता स्थापना गर्न माओबादीले थवाङबाट उद्घोष गर्ने बताउनुभयो । 'हामी दलाल राज्य सत्ताको केन्द्र काठमाण्डौमा महाअधिवेशनको उद्घाटन गरेर जनक्रान्तिको लालकिल्ला रोल्पाको थवाङमा बन्द सत्र गर्दैछौ नेता बाँस्तोलाले भन्नुभयो, पार्टीले थवाङबाट एकिकृत जनक्रान्तिको ढोका खोल्ने छ ।'

वर्तमान राज्यसत्ताले जनताका आकांक्षाहरू पुरा गर्न नसक्ने बताउँदै उहाँले मुलुकमा जनक्रान्तिको आवश्यकता भएको बताउनुभयो । फागुन १ गते काठमाण्डौमा उद्घाटन भएर रोल्पाको थवाङमा हुने महाअधिवेशनले अधुरो रहेको नेपाली क्रान्तिको कार्यभारलाई विजयी गराउन एकिकृत जनक्रान्तिको कार्यदिशालाई स्थापित गर्ने उहाँको भनाई थियो ।

सम्मेलनमा केन्द्रिय सदस्य ध्रुव घिमिरे (विप्लव),धौलागिरि ब्यूरो इन्चार्ज पारसमणि र माओबादी बागलुङ जिल्ला सदस्य अनन्तले सम्मेलन सफलताको शुभकामना ब्यक्त गर्नुभएको थियो भने महिला संघ क्रान्तिकारीकी केन्द्रिय सदस्य तथा म्याग्दी लोकतारा शुशिला विकले जनवादी गीत प्रस्तुत गर्नुभएको थियो ।

जिल्ला सचिव गमवहादुर श्रीसमगरको अध्यक्षता, अखिल नेपाल महिला संघ क्रान्तिकारी धौलागिरि संयोजक उषा घर्तिको स्वागत र सञ्चालन सचिवालय सदस्य पदम पुनले गर्नुभएको थियो । दुइ दिन सम्म सञ्चालनभएको सम्मेलनमबाट नयाँ नेतृत्व चयन भएपनि सार्वजनिक गरिएको छैन ।

बालमन्दिरमा पूर्वाधार निर्माण

■ नवविकल्प

बेनी नगरपालिका ७ कालीपुलमा रहेको बालमन्दिर आधारभुत विद्यालयमा ४२ लाख रूपैयाँ भन्दा बढीको लगानीमा पूर्वाधार निर्माण भएको छ । सरकारी निकायको सहयोगको तुलनामा तिन गुणा बढी रकम स्थानीय स्रोतबाट जुटाएर पक्कि कक्षाकोठा भवन, खानेपानी सुबिधा सहितको छात्रा मैत्री शौचालय निर्माण भएको हो । २८ लाख ३६ हजार २४२ रूपैयाको लगानीमा तिन कोठे कक्षा कोठा र १३ लाख ७५ हजार रूपैयामा शौचालय निर्माण भएको हो ।

जिल्ला शिक्षा कार्यालयले कक्षाकोठा निर्माण गर्न सात लाख पचास हजार र शौचालय बनाउन चार लाख रूपैयाँ अनुदान सहयोग गरेको थियो । बाँकी तिस लाख ६१ हजार रूपैयाँ विद्यालयले विभिन्न स्रोतबाट जुटाएर भवन र शौचालय निर्माण गरेको प्रधानअध्यापक सुरेन्द्रप्रसाद खत्रीले बताउनुभयो ।

छात्रा र बालमैत्री शौचालयसंगै खानेपानीको समेत ब्यवस्था मिलाइएको छ । कक्षाकोठा भवन भुकम्प प्रतिरोधी क्षमत्ताको हो । नवनिर्मीत कक्षाकोठा भवनको बुधबार अभिभावक भेलाको अवसरमा जिशिअ रामकुमार श्रेष्ठले उद्घाटन गर्नुभयो ।

चालु शैक्षिकसत्रदेखि कक्षा ६ को पठनपाठन सुरू गरेको विद्यालयमा कक्षा थप गर्ने उद्देश्यले पूर्वाधार विस्तार गरिएको हो । विद्यालयमा हाल १३४ जना विद्यार्थी रहेका छन् । बेनीका अन्य विद्यालयमा बढेको विद्यार्थीको चापलाई ब्यवस्थापन गर्नका लागि बालमन्दिरमा मावि तहको पठनपाठन सञ्चालन गर्ने योजना बनाइएको छ ।

कक्षा विस्तारका लागि फर्नीचर र कम्प्युटर ल्याब स्थापनाका लागि पहल भैरहेको प्रअ खत्रीले बताउनुभयो । अभिभावक भेला तथा भवन उद्घाटन कार्यक्रममा जिशिअ श्रेष्ठले शिक्षाको गुणस्तर सुधारका लागि अभिभावकले घरमा उपयुक्त वातावरण बनाउनुपर्ने बताउनुभयो ।

सो अवसरमा माझफाँट ३ पर्वत बेनीका डम्मरबहादुर विश्वकर्माले ३० जना विद्यार्थीहरूलाई एकरएक दर्जन कापी र कलम वितरण गर्नुभएको थियो । अधिकांश विपन्न समुदायका बालबालीकाले अध्ययन गर्ने सो विद्यालयमा विश्वकर्माले छरछ महिनामा शैक्षिक सामाग्री सहयोग गर्दै आउनुभएको छ ।

विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष हरिकुमार श्रेष्ठको अध्यक्षता, सदस्य एकेन्द्रबहादुर रावलको स्वागत र प्रअ केसीको सञ्चालनमा सम्पन्न कार्यक्रममा स्रोत ब्यक्ति मोहन बानिया, नेपाल बाल संगठन म्याग्दीका सभापति नेत्रबहादुर महत, शिक्षक गंगाबहादुर खत्री र अभिभावक विश्व परियारले शुभकामना मन्तब्य ब्यक्त गर्नुभएको थियो । भेलाले नेत्रबहादुर महतको अध्यक्षतामा विद्यालय ब्यवथापन समितिको पुर्नगठन गरेको छ । प्रअ सुरेन्द्रप्रसाद खत्री सदस्य सचिव रहनुभएको समितिको सदस्यहरूमा तुलसीलता श्रेष्ठ, खिमबहादुर परियार, सन्तबहादुर किसान, संगिता परियार, लक्ष्मीकुमारी बिक र शिक्षक प्रतिनिधि गंगाबहादुर खत्री रहनुभएको छ ।

औषधि अभाव छैन–स्वास्थ्य

■ नवविकल्प

सर्वसाधारणलाई निशूल्क वितरण गर्न जिल्ला स्वास्थ्य कार्यालय म्याग्दीले करिब बिस लाख रूपैयाँ मूल्य बराबरको औषधि खरिद गरेको छ ।

चालु आर्थिक वर्ष २०७३र७४ मा औषधि खरिदका लागि प्राप्त भएको ३३ लाख रूपैयाँ मध्य पहिलो चरणमा बिस लाख आठ हजार ७४१ रूपैयाँ मूल्य बराबरको औषधि ठेक्का प्रक्रियाबाट खरिद गरेको हो ।

घटीघटाउमा सबैभन्दा कम दररेट १८ लाख ७८ हजार ९१६ रूपैयाँमा कबोल गरेको काठमाडौको गिताष्वीनी फर्मा स्ट्रीकल्स प्रालीले दश लाख बराबरको औषधि आपूर्ती गरिसकेको र थप नौ लाख बराबरको ल्याउने तयारी गरेको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी भिमप्रसाद आचार्यले बताउनुभयो । सरकारले जिल्ला अस्पतालबाट ७०, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५८ र स्वास्थ्य चौकीबाट ३५ प्रकारका औषधि निशूलक वितरण गर्ने ब्यवस्था मिलाएको छ । म्याग्दीमा निशूल्क वितरण गर्ने औषधि पर्याप्त मौज्जात रहेकाले अभाव नहुने सूचना अधिकारी आचार्यले बताउनुभयो ।

जिल्लामा धेरै माग हुने सिटामोल, डाईजीन, भिटामीन, आईरन चक्की, जुकाको औषधि, आँखा, कानमा हाल्ने, दुखाई कम गर्न प्रयोग हुने औषधि पर्याप्त रहेको कार्यालयका स्टोर शाखाका प्रमुख लिलानाथ पौडेलले बताउनुभयो । जिल्ला स्वास्थ्यले समेत थप तेह लाखको औषधि खरिद गर्न बाँकी छ । केन्द्रिय र क्षेत्रीय मेडिकल स्टोरले उपलब्ध गराउने औषधि आएपछि म्याग्दीमा यस वर्ष औषधिको अभाव नहुने स्वास्थ्य कार्यालयको भनाई छ ।

म्याग्दीमा सबैभन्दा धेरै रूघाखोकी जन्य, सबै किसीमका पखला, हातखुट्टा भाँच्चीने, चाटपटक लाग्ने र ग्याँसीक रोग सम्बन्धि औषधिको खपत बढी हुने गर्छ । ग्रामिण क्षेत्रका स्वास्थ्य संस्थाबाट प्रत्येक तिन महिनामा औषधिको माग संकलन गरि आवश्यकता अनुसारको आपूर्ती गर्ने ब्यवस्था मिलाएको निमित्त जिल्ला स्वास्थ्य प्रमुख डाक्टर अम्बालीका शाक्यले बताउनुभयो ।

ग्रामिण क्षेत्रमा केही स्वास्थ्य कर्मीले समयमा औषधि माग, आपूर्ती नगर्ने र जिल्लाले पठाएन भनेर प्रचार गरेको भन्दै स्वास्थ्य कार्यालयले आपत्ती जनाएको छ ।

चिमखोला र ताकममा खानेपानी आयोजना निर्माण सुरु

■ नवविकल्प

म्याग्दीको चिमखोलामा करिब सात करोड रूपैयाँको लागतमा खानेपानी आयोजना निर्माण कार्य सुरू भएको छ । खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालय म्याग्दी मार्फत छ करोड ८७ लाख ४० हजार ७१२ रूपैयाँको लागतमा बृहत चिमखोला खानेपानी तथा सरसफाई आयोजना सुरू भएको हो ।

आयोजनाबाट चिमखोलाका ४२८ घरपरिवार लाभान्वित हुने सब डिभिजन प्रमुख इन्जिनियर शेखरचन्द्र केसीले जानकारी दिनुभयो । "सबै घरमा मिटर सहितको निजी धारा जडान हुनेछ्" इन्जिनियर केसीले भन्नुभयो "आयोजना अन्तरगत २ देखि ७ नम्बर वडामा ढल निकासको लागि पुर्वाधार समेत बनाइने भएको छ ।"

एक लाख, पचास हजार र चार हजार लिटर क्षमताको एकरएक र पाँच हजार लिटर क्षमताको तिन वटा टंकी निर्माण हुने भएको छ । दुई वटा सार्वजनिक शौचालय समेत निर्माण गर्ने योजना छ । ११ वटा स्कीममा निर्माण हुने आयोजनाको १३ वटा मुहान रहेका छन् ।

गत आर्थिक वर्ष २०७२र७३ मा सर्वक्षण भएको आयोजनाको लागि यस वर्ष तिस लाख रूपैयाँ बजेट प्राप्त भएको छ । पुर्वाधार निर्माणको काम सुरू गर्न ओमबहादुर पुनको अध्यक्षतामा गठन भएको उपभोक्ता समितिसंग सम्झौता भैसकेको छ ।

आयोजनामा उपभोक्ताले कुल लागतको बिस प्रतिशत एक करोड ३९ लाख ४८ हजार १४२ रूपैयाँ बराबरको श्रम र नगद सहभागिता रहने जनाइएको छ । सार्वजनिक धाराबाट खानेपानीको उपभोग गर्दै आएका चिमखोलाका बासिन्दाहरू गाउँमा बृहत आयोजना भित्रीएपछि उत्साहीत भएका छन् ।

चिमखोला बासिलाई खानेपानी समस्याबाट मुक्त गरि जिवनयापनलाई सहज बनाउन आयोजनाले ठूलो योगदान गर्ने अपेक्षा गरिएको उपभोक्ता समितिका सचिव गमबहादुर पुनले बताउनुभयो । समितिका अध्यक्ष ओमबहादुर पुनले चिमखोलामा हालसम्मकै ठूलो विकास आयोजना भित्रीएको बताउनुभयो ।

आयोजनालाई गुणस्तरीय र समयमै सम्पन्न गर्ने अध्यक्ष पुनले प्रतिवद्धता जनाउनुभयो । आर्थिक वर्ष २०७६र७७ मा आयोजना सम्पन्न गर्ने लक्ष्य छ । उपभोक्ताको सक्रियता भएमा लक्ष्य अघिनै र अनुमानीत भन्दा कम लागतमा आयोजना निर्माण गर्न सकिने सब डिभिजन प्रमुख केसीले बताउनुभयो ।

यसैबीच चिमखोलाबाट भगवती र पिप्ले गाविसमा खानेपानी ल्याउनका लागि सञ्चालन हुन लागेको बृहत भगवती पिप्ले खानेपानी तथा सरसफाई आयोजनाको सर्वेक्षण गरि लगत ईस्टिमेट तयार पार्न लागीएको सब डिभिजनले जनाएको छ ।

यसैगरी म्याग्दीको ताकममा साढे दुई करोड रूपैया भन्दा बढी लागतमा कोटखोला तेस्रो खानेपानी तथा सरसफाई आयोजना निर्माण कार्य सुरू भएको छ । जिविस अन्तरगत सञ्चालित पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना अन्तरगत दुई करोड ६७ लाख ८८ हजार ५५५ रूपैयाँको लागतमा आयोजना निर्माण हुन लागेको हो ।

आगामी २०७४ चैतमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाबाट ताकमको ३, ४, ५ र ६ नम्बर वडाका ३५६ घरधुरी लाभान्वित हुने उपभोक्ता समितिका अध्यक्ष देवबहादुर थापाले जानकारी दिनुभयो ।

देविस्थान र ताकम गाविसको सिमानामा पर्ने कोटखोला, देउबुजा र हटीमुलको मुहानबाट प्रतिसेकेण्ड ४ लिटरका दरले पानी ल्याएर घरघरमा जडान हुने धारा मार्फत वितरण गर्ने लक्ष्य रहेको छ । आयोजनाको दिगो सञ्चालन र उपभोक्ताको सुविधाका लागि मिटर सहितको निजी धारा जडान गरिने भएको छ । आयोजनाको १३ वटा मध्य ७ वटा रिजर्भ टंकी निर्माण भैसकेको छ । विभिन्न ठाउँमा श्रमदान गरेर पाईपलाईन खन्ने काम जारी रहेको छ । एक घरबाट ६५ दिनका दरले श्रमदान गर्नुपर्ने स्थानीय बासिन्दा गोपाल आचार्यले बताउनुभयो । ताकममा माग अनुसार आपूर्ती नहुँदा हाल खानेपानीको समस्या रहेको छ ।

हालसम्म १५ प्रतिशत भन्दा संरचना निर्माणको काम सकिएको परियोजनाका असिस्टेन्ट सब ईञ्जिनियर यामबहादुर हर्मेलले बताउनुभयो । परियोजना निर्माणका लागि फिनल्याण्ड सरकारले ४२ लाख १९ हजार ८८०, नेपाल सरकारले ४२ लाख १९ हजार ८८०, जिविसले दश लाख ७१ हजार ५४२ र गाविस कार्यालयले १६ लाख सात हजार ३१३ रूपैया लगानी रहने जनाइएको छ ।

उपभोक्ताको श्रम तथा नगद गरि ९१ लाख दुई हजार २२ रूपैयाँ लगानी रहने आयोजनाका लागि भारतीय दुतावासले ६५ लाख ६७ हजार रूपैयाँ बराबरको पाईप, सिमेन्ट लगायतका निर्माण समाग्री सहयोग गरेको छ ।

बेनी–जोमसोम सडक आयोजना ठेक्का प्रक्रियामा

■ नवविकल्प

म्याग्दीको सदरमुकाम बेनी देखि हिमाली जिल्ला मुस्ताङलाई जोड्ने बेनी–जोमसोम सडक कालोपत्रे र स्तरवृद्धि गर्ने तयारी भएको छ ।

भौतिक योजना तथा यातायात मन्त्रालयले बेनी–जोमसोम सडक स्तरवृद्धिका लागि तिन अर्ब पाँच करोड रूपैयाँ लागतको आयोजना सुरू गरेको हो । ७८ किलोमिटर दुरीको सडकलाई फराकीलो बनाउने र कालोपत्रे गर्ने कामका लागि ठेक्का प्रक्रिया सुरू गरेको बेनी–जोमसोम–कोरला सडक आयोजनाका प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो ।

यही आर्थिक वर्ष २०७३र७४ बाट चार वटा खण्डमा बिभाजन गरेर आयोजनाको काम हुने भएको छ । सुवेदीका अनुसार दश मिटर फराकीलो र दुई लेनको हुने सडकको सात मिटर चौडाईमा कालोपत्रे गरिने भएको छ । माघ दोस्रो हप्ता ठेक्का प्रक्रिया सुरू भएको आयोजनाको काम आगामी तीस महिनामा सक्ने लक्ष्य रहेको छ ।

आयोजना अन्तरगत विभिन्न ठाउँमा रहेका बेलीब्रिज विस्थापीत गरी पक्कि मोटरेबल पुल निर्माण गर्ने योजना रहेको छ । उत्तर दक्षिण जोड्ने कालीगण्डकी कोरिडोर अन्तरगतको म्याग्दी मुस्ताङ खण्डको काम गर्न सञ्चालीत आयोजनाको जोमसोममा कार्यालय स्थापना भएको छ । हाल कच्चि अवस्थामा रहेको बेनी–जोमसोम सडक वि.स २०६४ मा नेपाली सेनाले ट्याक खोलेर वि.स २०६७ मा सडक विभागलाई हस्तान्तरण गरेको थियो । संघिय संरचना अनुसार प्रदेश नम्बर ४ को भाग्यरेखा मानिएको यो सडकले पुर्वाधार, आर्थिक, ब्यापारिक, जलविद्युत, पर्यटन र धार्मीक स्थलको विकासका लागि महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । यसैगरी तिन अर्ब रूपैयाँ लागत अनुमान गरिएको ११० किलोमिटर दुरीको जोमसोम–कोरला सडक स्तरवृद्धिका लागि ठेक्का सम्झौता गरेका निर्माण कम्पनी कार्यक्षेत्रमा परिचालन भएका छन् । सडकलाई ११ मिटर फराकीलो र नाली बनाउने तथा विभिन्न ठाउँमा पुल र पर्खाल बनाउने कामका लागि सात वटा खण्डमा बिभाजन गरिएको छ ।

वडा गाभ्ने तयारीप्रति स्थानीयबासीको आपत्ती

■ नवविकल्प

बेनी नगरपालिकाको ५ नम्बर वडालाई अन्य वडामा गाभ्ने तयारी भएको भन्दै स्थानीय बासिन्दाले आपत्ती जनाएका छन् ।

स्थानीय तह पुनसंरचनाका क्रममा स्थानीय बासिन्दाको सहमति बिनानै ५ नम्बर वडालाई ८ नम्बर वडामा गाभ्न सिफारिस भएको भन्दै उनिहरूलाई नगरपालिका, जिविस र राजनीतिक दलहरूको ध्यानाकर्षण गराएका छन् ।

बेनपा ५ की वडा नागरिक मञ्चकी संयोजक स्यानीमाया कार्कीको नेतृत्वमा आइतबार बेनी आएको स्थानीयबासीको टोलीले अहिलेकै वडा कायम गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका छन् ।

५ नम्बर वडालाई ८ मा गाभ्दा सेवा सुबिधा प्राप्त गर्न असुबिधा हुने र भुगोल समेत नमिल्ने स्थानीयको भनाई छ । उनीहरूले पुरानै वडा कायम गर्नुपर्ने र त्यसो हुन नसक्ने अवस्थामा डम्मरा, चुत्रेनी, माझखेत, जरबुटा, कोठेसाँघुलाई ६ नम्बरमा गाभ्नुपर्ने माग राखेका छन् ।

बेनी नगरपालिका घोषणाका क्रममा तत्कालीन अर्थुङ्गे गाविसको ७, ८ र ९ नम्बर वडालाई ५ नम्बर वडा कायम गरिएको थियो ।

तिन सय घरधुरीको बसोबास रहेको यो वडामा एक हजार भन्दा बढी जनसंख्याको बसोबास रहेको छ । स्थानीय बासिन्दाले गत कात्तिक १९ गते गलेश्वरमा बसेको दलका नेता र सांसदको उपस्थितीमा बसेको बैठकले वडा गाभ्ने निर्णय गरेको बताएपनि अहिलेसम्म यो बिषय गोप्य रहेको थियो ।

एक्काइस हजार स्याउका बिरुवा वितरण

■ नवविकल्प

मुस्ताङका कृषकहरूलाई यस वर्ष एक्काईस हजार स्याउका बिरूवा वितरण गरिएको छ ।

जिल्ला कृषि विकास कार्यालय मुस्ताङले पचास प्रतिशत अनुदानमा बिरूवा वितरण गरेको हो । ४४ रूपैया पर्ने प्रति बिरूवा कृषकलाई २२ रूपैयाँ प्रतिगोटाका दरले वितरण गरिएको कार्यालयले जनाएको छ ।

एक लाख बिरूवाको माग भएकोमा २१ हजार मात्र वितरण गरेको बरिष्ठ कृषि विकास अधिकृत साबीत्री बरालले जानकारी दिनुभयो । मुस्ताङको स्याउले बजार र उचित मूल्य पाउन थालेसंगै कृषकहरू स्याउ खेतीप्रती आकर्षित भएका छन् । मुस्ताङको लेते र कुञ्जो बाहेकको गाविसमा ब्यवसायीक स्याउ खेती हुन्छ ।

मुस्ताङमा मार्फा स्थित शितोष्ण बागबानी विकास केन्द्रले स्याउ लगायत फलफूल र तरकारीको बिरूवा तथा विउ उत्पादन गर्दै आएको छ । केन्द्रमा उत्पादीत छ हजार स्याउका बिरूवा यस वर्ष रसुवा निकासी भएको छ ।

यतिबेला मुस्ताङका कृषकहरू स्याउको बगैचाको ब्यवस्थापनमा जुटेका छन् । स्याउ बगैचा ब्यवस्थापनका लागि कृषि विकास कार्यालयले औजार, बिषादी सहयोग गरेको छ ।

दिदीबहीनीको स्थापना दिवस

■ नवविकल्प

बेनीको दिदी बहीनी बचत तथा ऋण सहकारी संस्थाले छैठौ स्थापना दिवसको अवसरमा सोमबार मजदुर महिलालाई खाद्यान्न सहयोग गरेको छ ।

लमजुङ घर भई हाल पर्वत बेनी बस्ने लक्ष्मी आचार्य खत्रीलाई १५ पाथी चाम, पाँच केजी दाल, पाँच केजी चिनी, पाँच पोका नुन, ५ बट्टा चियापत्ती र आधा दर्जन लुगा धुने सावुन सहयोग गरेको हो ।

खत्रीले ज्याला मजदुरी गरेर छ जना छोरा छोरीको लालनपालन गर्दै आउनुभएको छ । रोजगारीको लागि चार वर्षअघि मलेसीया गएका खत्रीका श्रीमान दुई वर्षदेखि सर्म्पकमा हुनुहुन्न् । प्रजिअ राजुप्रसाद पौडेल, सहकारीकी अध्यक्ष जमुना आचार्य लगायत सञ्चालक, कर्मचारी र सेयर सदस्यहरूले खाद्यान्न हस्तान्तरण गर्नुभएको थियो ।

सहकारीले सञ्चालक, कर्मचारी, सेयर सदस्य र समुदायबाट स्वऐच्छिक दान संकलन गरेर यसअघि ४१ जना गरिब, विपन्न र विपद् पीडितहरूलाई सहयोग गरेको थियो । सोही अवसरमा रक्तक्यान्सर र बोनम्यारो रोगले थलीएकी भगवतीकी कृष्णकुमारी कटुवाल क्षेत्री (सिता) को उपचारका लागि सञ्चालित अभियानका सदस्य कमल खत्रीलाई पन्ध्र हजार रूपैया नगद हस्तान्तरण गरिएको थियो ।

संस्थाकी अध्यक्ष जमुना आचार्यको अध्यक्षता, सचिव बिष्णु सापकोटाको सञ्चालन र उपाध्यक्ष ज्योती लामिछाने पौडेलको स्वागतमा सम्पन्न कार्यक्रममा प्रजिअ पौडेलले महिलाको आर्थिक, सामाजिक र नेतृत्व विकासका लागि सहकारी प्रभावकारी माध्यम भएको बताउनुभयो ।

बेनीमा बधशालाको अभाव

■ नवविकल्प

म्याग्दीको सदरमुकाम बेनीमा ब्यवस्थित बधस्थल निर्माण हुन सकेको छैन् । ब्यवस्थित र सुरक्षित बधस्थलको अभावमा उपभोक्ताहरू असुरक्षित रूपमा बध गरिएका पशुपंक्षीको दुषीत मासू उपभोग गर्न बाध्य भएका छन् ।

बेनी बजारको बहुउद्देश्यीय खेलमैदान र डल्लेपिपलमा अब्यस्थित र असुरक्षीत रूपमा आवश्यक पूर्वाधार बिनै बधस्थल सञ्चालन भएको छ । बधस्थलको सरसफाइ, मासू ढुवानी, फोहोर ब्यवस्थापनमा ध्यान नदिदाँ वरपरको वातावरण समेत प्रदुषित भएको डल्लेपिपलका बासिन्दा मनबहादुर चर्माकारले बताउनुभयो ।

उहाँका अनुसार दैनिकजसो राँगो र भैसी बध हुने सो बधस्थलमा पानी को अभावका साथै फोहोरी र दुर्गन्धित छ । बधस्थलमा निस्कने फोहोर ब्यवस्थापनमा ध्यान दिइएको छैन् । बधस्थल सञ्चालनका लागि आवश्यक मापदण्ड अनुसारको पुर्वाधार तयार गरि अनुमती लिनुपर्ने नियम कार्यान्वयन नभएको जिल्ला पशु सेवा कार्यालयले जनाएको छ ।

पशु स्वास्थ्य प्राबिधिकहरूका अनुसार बेनीमा रहेका राँगो, भैसी, खसीबोका र कुखुरा बध गर्ने ठाउँ प्राबिधिक हिसावले अनुकुल छैनन् । “फोहोर ब्यवस्थापन र पानीको अभाव मुख्य समस्या रहेको छ” बरिष्ठ पशु चिकित्सक मनबहादुर पुनले भन्नुभयो “दुषित मासूका कारण विभिन्न रोगको समस्या उत्पन्न हुने जोखिम हुन्छ ।”

बेनीको म्याग्दी नदी किनारमा सञ्चालित बधस्थलले वातावरण र नदी प्रदुषण गरेकाले विकल्प खोज्न थालीएको छ । बधस्थलको फोहोर ब्यवस्थापन गर्न र बधशाला निर्माणका लागि सम्भाब्यता अध्ययन थालीएको बेनी नगरपालीका कार्यालयका कार्यकारी अधिकृत छवीलाल सुवेदीले बताउनुभयो ।

“तत्काललाई हाल प्रयोगमा आइरहेको बधस्थल ब्यवस्थित गरेर नदीमा फोहोर फाल्न नदिने ब्यवस्था मिलाएका छौं” सुवेदीले भन्नुभयो “यो स्थान र पुर्वाधार उपयुक्त नभएकाले अर्को ठाउँमा बधस्थल निर्माण गर्न जग्गाको खोजी भैरहेको छ ।”

मासु ब्यवसायी सुरेश बरूवालले बधस्थल निर्माणमा सरकारी निकायले उदाशिनता देखाएको बताउनुभयो । “नगरपालिका र पशु सेवा कार्यालयले बधस्थल बनाए हामी सहयोग गर्न तयार छौं” बरूवालले भन्नुभयो “सरकारी निकायले पूर्वाधार तयार गर्न वास्ता गरेका छैनन् ।” बेनीमा २२ वटा मासू पसलहरू सञ्चालनमा रहेका छन् । बेनीमा मासिक एक करोड रूपैया मूल्य बराबरको २६.७ मेट्रिक्टन मासुको ब्यापार हुने पशु सेवा कार्यालयले तथ्याङ्क छ ।

यसैगरी बजार अनुगमन टोलीले बेनीका मासु ब्यवसायीहरूलाई मूल्यसूची राख्न र मूल्यमा एकरूपता कायम गर्न निर्देशन दिएको छ ।

अनुगमन टोलीले सबै पसलमा मूल्य सूची नभएको, अद्यावधिक नगरेको र फरक फरक मूल्यमा मासू बिक्री गरेको पाइएपछि यस्तो निर्देशन दिएको हो । यसैगरी टोलीले बिक्रीका लागि राखेको सडेको माछा बरामद गरी ब्यवसायीलाई कारबाही प्रक्रिया अघि बढाएको पशु चिकित्सक जिवनप्रसाद आचार्यले बताउनुभयो ।

उहाँका अनुसार दर्ता नभएका मासु पसललाई दर्ता प्रक्रियामा आउन समेत निर्देशन दिएको छ । जिल्ला पशु सेवा कार्यालयका प्रमुख बरिष्ठ पशु चिकित्सक मनबहादुर पुनको नेतृत्वमा बुधबार बेनीका २३ वटा मासु पसलको अनुगमन गरिएको थियो ।

टोलीमा सहयाक प्रजिअ यादवनाथ आचार्य, प्रहरी निरिक्षक दिवाकर घिमीरे, पशु चिकित्सक आचार्य, म्याग्दी उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष उत्तम कर्माचार्य, जिल्ला प्रशासनका नायव सुब्बा नविन सुवेदी, वडा सचिव कृष्ण शाक्य र पशु सेवा प्राबिधिक प्रदिप गौतमको सहभागीता रहेको थियो ।

अपर म्याग्दी निर्माणको तयारी

■ नवविकल्प

म्याग्दीको मुदीमा २० मेघावाट क्षमताको अपर म्याग्दी जलविद्युत आयोजना निर्माणको तयारी भएको छ ।

निजी क्षेत्रको हाईड्रो ईम्पाएर प्रा.लीले आयोजना निर्माणका लागि पहिलो चरणमा पहुँचमार्ग निर्माण सुरू गरेको छ ।

आयोजनाको विद्युतगृह र बाँध रहने स्थानसम्म पुग्ने सडक निर्माण थालीएको हो । बिमको भारवाङ र मुदीको छहरीबाट एकैसाथ सडक निर्माण सुरू गरेको आयोजनाले छिट्टै मुदीको खाराबाट पनि सडक खन्ने जनाएको छ ।

हाईड्रो ईम्पाएर प्रा.लीका कार्यबाहक अध्यक्ष मानबहादुर श्रेष्ठले तिन वटा खण्डमा निर्माण हुने सडक सात मिटर फराकीलो हुने जानकारी दिए । “भारवाङदेखि मुदीको घिमलटी भन्ने स्थानसम्म जोड्ने दश किलोमिटर सडक निर्माण कार्य आगामी असोजभित्र सक्ने लक्ष्य छ” श्रेष्ठले भने ।

हाल बिमको शिवरात्रीखोला सम्म मात्र सडक पुगेको छ । खिवाङ र मुदी गाउँको बेशीमा पर्ने घिमलटी भन्ने ठाउँमा रहने विद्युतगृह सम्म सडक पुगेपछि कात्तिकदेखि सुरूङ निर्माण थाल्ने आयोजनाको तयारी छ ।

आयोजनाले निर्माण गर्ने सडकबाट मराङको कल्लेनी, मुदीको बाँसबोट र खिवाङ गाउँका बासिन्दाहरू समेत लाभान्वित हुने भएका छन् । कार्यबाहक अध्यक्ष श्रेष्ठका अनुसार आयोजना निर्माणका लागि चार अर्व रूपैया लगानी आवश्यक पर्ने अनुमान गरिएको छ ।

दश प्रतिशत प्रभावीत क्षेत्रका बासिन्दाबाट सेयर संकलन गर्ने र बाँकी स्वदेशी लगानीकर्ता तथा बैङ्क वित्तिय संस्थाबाट लगानी जुटाउने आयोजनाले जनाएको छ । मुदीको चेचुङ गाउँको पुछारमा रहेको जुगेपानीमा बाँध रहने आयोजनाको सुरूङको लम्बाङ २.८ किलोमिटर हुने जनाईएको छ ।

२०८ मिटर हेडबाट विद्युतगृहमा पानी खसाल्ने योजना छ । यो आयोजना रन अफ द रिभर प्रबिधिको हो । वातावरणीय प्रभाव मूल्याङ्कन र विद्युत खरिद बिक्री सम्झौता भैसकको आयोजनाका सागर शर्माले बताए ।

भौगोलिक रूपमा बिकट र दुर्गम क्षेत्र मानिने मुदीमा जलविद्युत आयोजना निर्माणको तयारी भएपछि छिमेकी गाविसका बासिन्दाहरू समेत उत्साहीत भएका छन् ।

अन्तराष्ट्रिय बजारमा म्याग्दीको टिम्मुर

■ नवविकल्प

म्याग्दीमा उत्पादन हुने मसलेदार फल टिम्मुरको अन्तराष्ट्रिय बजार खोज्न थालीएको छ । बेनी नगरपालिका १० तोरीपानीका कृषकले उत्पादन गरेको टिम्मुर यस वर्ष अस्ट्रेलीया निकासी भएको हो । काठमाडौंको फरेष्ट फर हेल्थ संस्थासंग समन्वय गरेर बजार परिक्षणका लागि अस्ट्रेलीयामा १८० किलोग्राम टिम्मुर पठाइएको भुमेसिद्ध टिम्मुर सञ्जाल तोरीपानीका अध्यक्ष सागर बानियाले जानकारी दिनुभयो ।

“यहाँबाट पठाएको टिम्मुरको गुणस्तर राम्रो भएको प्रतिक्रिया आएको छ” बानियाले भन्नुभयो “यसैबर्ष थप बिस किलोग्राम टिम्मुर पठाउने तयारीमा छौं ।” आगामी वर्षदेखि गाउँमै प्रसोधन र प्याकेजीङ गरि निकासी गर्न पहल गरिएको अध्यक्ष बानियाले बताउनुभयो । यसअघि वि.स २०७१ मा जर्मनीमा बजार परिक्षणका लागि असी किलोग्राम टिम्मुर पठाइएको थियो ।

मुखमा राख्दा रमरम गर्ने स्वाद हुने टिमुर अचार, दाल र चटनीमा मसलाको साथै शरीरलाई न्यानो बनाउन, हाडजोर्नी, पेट दुख्दा र लेक लाग्दा आर्युवेदीक औषधिको रूपमा प्रयोग गरिन्छ । सहरी क्षेत्रका होटलहरूमा अचार र दालमा मसलाको रूपमा टिम्मुर खपत हुने गर्छ । न्युनतम प्रतिकिलो एक हजार ४०० सय रूपैयाका टिम्मुर दरले बिक्री भएको छ ।

यस वर्ष तोरीपानीबाट तीस लाख दुई हजार ६०० रूपैयाँ मूल्य बराबरको दुई हजार १६४ केजी टिम्मुर निकासी भएको भुमेसिद्ध टिम्मुर सञ्जालले जनाएको छ । अस्ट्रेलीयामा १८० किलोग्राम, मुस्ताङमा २०८, बेनीमा ४८६, पोखरा र काठमाडौंमा एक हजार २८० किलोग्राम टिम्मुर निकासी भएको हो ।

टिम्मुर बेचेर एउटा परिवारले वर्षमा ६० हजार रूपैया सम्म आम्दानी गर्ने भुमेसिद्ध टिम्मुर सञ्जाल घतानका आनन्द रिजालले बताउनुभयो । उहाँका अनुसार सञ्जाल अन्तरगत १८ वटा समूहमा आवद्ध एक सय घरधुरीले ब्यवसायीक टिम्मुर खेती गरेका छन् । तोरीपानीमा टिम्मुरको नर्सरी समेत रहेको छ ।

यस वर्ष पचास हजार टिम्मुरका बिरूवाको माग आएको नर्सरी सञ्चालक समेत रहनुभएका बानियाले बताउनुभयो । लमजुङ र पाल्पाबाट ४५ हजार र म्याग्दीमा पाँच हजार बिरूवाको माग गरेको उहाँले बताउनुभयो ।

तोरीपानीमा टिमुर खेती प्रर्वद्धनका लागि म्याग्दी उद्योग वाणिज्य संघले एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गरेको छ । काँडै काँडा भएको रूखमा फल्ने टिम्मुर टिप्न निकै दुख भएकाले कैंची, झ्याङ लगायतका सामाग्री सहयोग गरेको संघका बरिष्ठ उपाध्यक्ष उत्तम कर्माचार्यले बताउनुभयो ।

लाभग्राहीको विवरण अनलाइन सफ्टवेयरमा

■ नवविकल्प

म्याग्दीका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अनलाइन सफ्टवेयरमा राखिएको छ । जिल्ला विकास समितिले ३५ वटा गाविसका लाभग्राहीको विवरण एमआईएस अनलाइन सफ्टवेयरमा अद्यावधिक गरेको हो ।

लाभग्राहीको अभिलेख ब्यवस्थित गर्न अनलाइनमा अद्यावधिक गरिएको जिविसका सामाजिक सुरक्षा कार्यक्रमका सर्म्पक ब्यक्ति राजेन्द्र आचार्यले बताउनुभयो । अनलाइन सफ्टवेयरमा राखिएको विवरणमा लगत कट्टा गर्न र थप गर्न सजिलो हुने, नामावली नदोहोरीने तथा तथ्याङ्क अनुसारको एकीन बजेट उपलब्ध हुने उहाँको भनाई छ । गाविस, जिविस र स्थानीय विकास मन्त्रालयको पञ्जिकरण बिभाग अन्तरगतका प्रयोगकर्ताले जुनसुकै बेला अनलाईन सफ्टवेयर मार्फत लाभग्राहीको विवरण हेर्न सक्नेछन् । जिविसले पञ्जिकरण बिभागको सहयोगमा गत पौसमा जना सेवा करारका कर्मचारी नियुक्त गरि लाभग्राहीको विवरण अनलाईनमा अद्यावधिक गरेको हो ।

२०७२र७३ मा दर्ता भई आर्थिक वर्ष २०७३ भत्ता पाउने लाभग्राहीको संख्या म्याग्दीमा १३ हजार ३२० जना रहेको छ । सबैभन्दा बढी रूममा ७८८ र सबैभन्दा कम भुरूङ तातोपानीमा ११२ जना लाभग्राही छन् ।

सरकारले जेष्ठ नागरिक, एकल महिला, बिधवा, अपाङ्गता र दलित बालबालीकालाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ । म्याग्दीका १७ वटा गाविस र बेनी नगरपालीकाको वडाका दलित बालबालिका बाहेकका लाभग्राहीलाई विभिन्न बैङ्कको शाखा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिदै आएको छ ।

नांगीमा पथप्रर्दशक तालिम सुरु

■ नवविकल्प

म्याग्दीको पर्यटकीय स्थल नांगीमा पर्यटक पथप्रर्दशक तालीम सुरू भएको छ । स्थानीय स्तरमा दक्ष पथप्रर्दशक उत्पादन गरि रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यले तालीम सञ्चालन गरिएको हो ।

१७ दिनसम्म सञ्चालन हुने तालीममा म्याग्दीको हिस्तान, राम्चे, शिख, घार, भकिम्ली, बिम, नारच्याङ र पर्वतको लेकफाँट, बाँसखर्क, शालीजा र क्याङ गाविसका ३६ जना पुरुष र चार जना महिलाको सहभागिता रहेको छ ।

नेपाल एकेडेमी अफ टुरीजम एण्ड होटल मेनेजमेन्ट कलेज (नाफाम)को प्राबिधिक सहयोग, राम्चे, हिस्तान गाविस, नेपाल पर्यटन वोर्ड पोखरा, होटल एशोसियसन अफ नेपाल (हान) र जिविस म्याग्दीको आर्थिक सहयोगमा अन्नपूर्ण धौलागिरी सामुदायीक पर्या पर्यटनले तालीमको आयोजना गरेको हो ।

तालीममा सहभागिहरूलाई नाफामले उपलब्ध गराउने प्रमाणपत्रको आधारमा पर्यटन कार्यालयले पथप्रर्दशकको ईजाजतपत्र प्रदान गर्ने अन्नपूर्ण धौलागिरी पर्यापर्यटनका संयोजक चित्र तिलीजा पुनले बताउनुभयो । तालीमको नाफामका प्रिन्सीपल कृष्ण खरेल, तालीम प्रमुख शिवप्रसाद जैसी लगायतले सहजिकरण गर्नुहुने जनाइएको छ ।

बेनी–दरवाङ सडक स्तरवृद्धिको तयारी

■ नवविकल्प

बहुप्रतिक्षीत बेनी–दरवाङ सडक स्तरवृद्धि गर्ने योजनाले गति लिने भएको छ । अर्थमन्त्रालयले विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) स्वीकृत गर्नुका साथै लाम्पाटा र फापरखेतको पहिरो नियन्त्रण तथा दुखुखोलामा मोटरेबल पुल निर्माण सुरू भएको छ ।

दुई दशकअघिदेखि निर्माण सुरू भएर वि.स २०६३ मा सम्पन्न भएको बेनी–दरवाङ सडक ट्याक खुलेको एक दशकपछि स्तरवृद्धि गर्ने तयारी भएको हो । कालोपत्रे सहित स्तरउन्नतीका लागि सडक डिभिजन कार्यालय बागलुङले भौतिक योजना तथा निर्माण मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पेश गरेको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) शुक्रबार स्वीकृत भएको छ । अर्थमन्त्री कृष्णबहादुर महराले असी करोड रूपैयाँको डिपीआर स्वीकृत गरि ठेक्का प्रक्रिया अघि बढाउन राष्ट्रिय योजना आयोग मार्फत भौतिक योजना तथा निर्माण मन्त्रालयमा अनुमती दिनुभएको प्रधानमन्त्रीको निजी सचिवालयका सदस्य पुनम खड्काले जानकारी दिनुभयो ।

"लामो प्रयास र पहलपछि बेनी–दरवाङ सडक स्तरवृद्धिका लागि बजेट स्विकृत भएको छ"नेकपा माओवादी केन्द्रका नेता समेत रहेका खड्कले भन्नुभयो "अर्थले बजेट स्वीकृती दिएपछि डिपीआर अनुसार बहुवर्षे ठेक्का मार्फत काम अघि बढ्छ ।"

२६ किलोमिटर दुरीको यो सडक स्तरवृद्धिका लागि बजेट स्वीकृत गर्ने क्रममा कम्प्युटर टाईपमा गल्ती हुँदा यसअघि १८ करोड ५५ लाख रूपैयाँ मात्र बिनियोजन भएको थियो । अर्थले डिपीआर अनुसारकै मागेको बजेट उपलब्ध गराउने स्वीकृती दिएपछि कामलाई तिब्रता दिन सहज हुने सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ ।

बाबियाचौर ५ लाम्पाटा, बेनी नगरपालीकाको तातोपानी र बाबियाचौर गाविसको सिमानामा पर्ने फापरखेतको पहिरो नियन्त्रणका लागि जिल्ला विकास समितिले तिन करोड ९३ लाख रूपैयाँको आयोजना सुरू गरेको हो ।

लाम्पाटाको पहिरो नियन्त्रणका लागि दुई करोड ४६ लाख र फापरखेतको पहिरो नियन्त्रणका लागि एक करोड ४७ लाख रूपैयाँमा देव एण्ड सायर बिएन जेभीसंग सम्भौता भई काम सुरू गरेको जिविसले जनाएको छ । आगामी ९ महिनाभित्र काम सम्पन्न गर्ने लक्ष्य सहित पहिरो नियन्त्रण योजना अघि बढाइएको स्थानीय विकास अधिकारी प्रेमराज गिरीले जानकारी दिनुभयो । स्थानीय विकास मन्त्रालयको डोलीडार आयोजना अन्तरगत योजना सञ्चालन भएको हो ।

पहिरो नियन्त्रणका लागि पक्कि मेसीनरी पर्खाल, ग्याबियन पर्खालका साथै नदी कटान रोक्न पलम कंक्रिट गरीने भएको छ । भौतिक संरचना निर्माणका साथै बायो ईञ्जिनियरीङ पनि गरिने भएको छ । पृथ्वी राजमार्गको कृष्ण भिरको पहिरो नियन्त्रणका लागि अपनाईको प्रबिधि अपनाइने भएको छ ।

"माथिबाट पहिरो खस्न नदिने, तलबाट नदीले कटान गर्न नसक्ने र नभत्कने गरी संरचना बनाउने डिजाईन छ" ईञ्जिनियर रवीन मर्हजनले भन्नुभयो । लाम्पाटा र फापरखेतको पहिरोका कारण बर्खा याममा सडक अवरूद्ध हुने गरेको छ ।

निर्माण कम्पनी देव एण्ड सायर बिएन जेभीका सञ्चालक नारायण जिसीले आगामी बर्खा अघिनै काम सक्ने बताउनुभयो । आवश्यक वातावरण बनाउन समुदाय र सम्बद्ध निकायसंग आग्रह गर्नुभयो ।

यसैगरी बेनी–दरवाङ सडक अन्तरगत दुखु खोलामा मोटरेबल पुल निर्माण कार्य सुरू भएको छ ।

जिल्ला विकास समितिले दुई करोड २५ लाख ६० हजार ८२३ रूपैयाको लागतमा २२ मिटर लामो मोटरेबल पुल निर्माण सुरू भएको हो । ठेक्का सम्भौता गरेको स्वच्छन्द गौचन निर्माण सेवा जेभीले बिहीबारदेखि कार्यक्षेत्रमा काम सुरू गरेको जिल्ला प्राबिधिक कार्यालयका ईञ्जिनिर रवीन मर्हजनले जानकारी दिनुभयो ।

पहिलो चरणमा जग खन्ने र टाईबिम बनाउने काम सुरू भएको उहाँले बताउनुभयो । वि.स २०७४ कात्तिकमा काम सम्पन्न गर्ने लक्ष्य सहित गरि वि.स २०७३ साउन ९ गते जिविस र निर्माण कम्पनीबीच सम्भौता भएको थियो । वि.स २०६७ मा सो स्थानमा मोटरेबल पुल निर्माण सुरू भएपनि डिजाईन गलत भएपछि रोकीएको थियो ।

पुरानो ठेक्का रद्द र पूनर्सर्वेक्षण गरेर पुल निर्माण हुन लागेको हो । दुखु खोलामा मोटरबेल पुल बनेपछि बेनी–दरवाङ सडकमा यातायात आवागमन सहज हुने अपेक्षा गरिएको छ । अहिले सो स्थानमा बर्खा याममा बाढी आउँदा सवारी आवत जावत बन्द हुने समस्या छ ।

यसैगरी शिखदेखि स्वात किन्दु जोड्ने सडक अन्तरगत पर्ने स्वाँत खोलामा ३० मिटर लामो आर्च मोडलको मोटरेबल पुल निर्माणका लागि निर्माण ब्यवसायी कार्यक्षेत्रमा परिचालन हुने तयारीमा रहेको जिविसले जनाएको छ ।

कहाँ पुग्यो .....

पहल गरिरहेका छौ" स्थानीय विकास अधिकारी गिरीले भन्नुभयो "लगानी जुटेपछि काम अघि बढ्छ ।"

कोषबाट कुल लागतको पचास प्रतिशत खर्च सहयोग हुने आशयपत्र प्राप्त भएपछि गत वर्ष जिविस र मोनावीच आर्थिक स्रोत जुटाउने सम्भौता भएको थियो । मोनाले इन्टरनेट विस्तार योजनाका लागि असी लाख रूपैयाँ जुटाइसकेको जनाएको छ ।

मोनाले योजनामा ढिलाई हुनुको कारणबारे चासो देखाएको छ । जिविस र दुरसञ्चार प्राधिकरण कोषका पदाधीकारीहरूसंग भेटेर योजनालाई अघि बढाउन छलफल गरेको मोनाका कोषाध्यक्ष चक्रबहादुर थापाले बताउनुभयो । मोनाका अध्यक्ष योगेन्द्र क्षेत्री, कोषाध्यक्ष थापा र सांसद नवराज शर्माको टोलीले स्थानीय विकास अधिकारी गिरी र नेपाल दुरसञ्चार प्राधिकरणका महाप्रबन्धक पुरूषोत्तम खनाललाई भेटेको थियो । मोना आईसीका अध्यक्ष क्षेत्रीले जिविससंगको सहकार्यमा मोनाले प्रवासमा आर्थिक स्रोत जुटाउन नेतृत्वदायी भुमिका निभाईसक्दा सम्बन्धित सरकारी निकायबाट कुनै पहल नभएकोमा आश्चार्य र दुख ब्यक्त गर्नुभयो ।

"काम अघि बढे अभ्रै लगानी जुटाउन समन्वय गर्छौ" अध्यक्ष क्षेत्रीले भन्नुभयो "तर वर्षौ बितेपनि सरोकारवाला निकायले ठोस काम गर्न नसकेकोमा दुःख लागेको छ ।" सांसद शर्माले राज्यको काम प्रवासीले गर्दा पनि ढिला हुनुको कारण पत्ता लगाई त्रुटी सच्चाएर योजना कार्यान्वयनमा अघि बढ्नुपर्ने बताउनुभयो ।

टोलीसंगको भेटमा महाप्रबन्धक खनालले म्याग्दी लगायत देशका ७५ वटै जिल्लामा अप्टिकल फाईवर पुऱ्याउने र सामान खरिदका लागि ठेक्का प्रक्रिया सुरू भएको जानकारी गराउनुभएको थियो ।

"माघ अन्तिममा ठेक्का आब्हान गरेर सामान खरिद प्रक्रिया सुरू गरेका छौं" खनालले भन्नुभयो "प्रस्तावीत लागतको सत्तरी प्रतिशत उपकरण म्याग्दी जिल्लाको लागी हो ।" मोनाले आफ्नो गाउँठाउँको विकासको लागी गरेको प्रयासको प्रशंसा गर्दै खनालले योजना सफल हुनेमा ढुक्क बन्न आग्रह गर्नुभयो ।

जिविसको नेतृत्व र सूचना प्रविधिका अभियन्ता म्यागासेसे पुरस्कार विजेता महावीर पुनको प्रयासमा जिल्लाभर इन्टरनेट विस्तार गर्ने अभियानलाई २३ औं जिल्ला परिषद्को निर्णयअनुसार प्रारम्भिक सम्भाब्यता अध्ययन गरिसकिएको छ ।

जिल्लाब्यापी रूपमा इन्टरनेट विस्तारका लागि तार जडित र ताररहित दुवै प्रविधिलाई उपयोगमा ल्याइने र विद्यालय, स्वास्थ्य संस्था, गाविस लगायतका सार्वजनिक स्थानमा निःशुल्क इन्टरनेट सुविधा उपलब्ध गराउने नीति लिइएको छ । गाउँमा विस्तार हुने ईन्टरनेटले सूचना प्रबिधिमा स्थानीयबासीको पहुँच बढ्ने, सेवा प्रवाहमा सहज हुने, सञ्चारमा हुने खर्च कम हुने, स्वास्थ्य, शिक्षा, कृषिको क्षेत्रमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

रोग .....

हुने आशामा चार पटक घरमै बोलाएर रातभर भ्राँक्री राखे । घरपरिवारले क्यान्सर भएको भनेर उनलाई माया मारिसकेका थिए ।

"उपचार गर्ने पैसाको अभाव भयो, संवेदनशिल ठाउँमा घाउ भएकाले देखाउन र अरूलाइ भन्न समेत लाज लागेर रोग लुकाएर बसेका थियौं" पानुका श्रीमान धनेले भन्नुभयो "जिल्लामै उपचार हुन्छ भन्ने जानकारी पाएको भए यस्तो पीडा र दुःख हुने थिएन् ।" समयमै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सर्म्पकमा नगएकोमा उनिहरूलाई अहिले पछुतो लागेको छ । सानै उमेरमा विवाह गरेकी पानुकी २ वर्षकी छोरी समेत छिन् । उनले अभ्रै छ महिनासम्म नियमित रूपमा औषधि सेवन गर्नुपर्ने चिकित्सकको सल्लाह छ । दैनिक घाउ सफा गर्नुका साथै हिड्न सक्ने बनाउन फिजीयोथेरापी पनि गरिएको छ । जिल्ला अस्पतालले पानुको निशूल्क औषधि उपचारको ब्यवस्था मिलाएको छ ।

बिरामी र कुरूवालाई बेनीमा खाना खर्चका लागि शुक्रबार शिविर आयोजक कदम म्याग्दीले तीन हजार र गुड नेवर्स इन्टरनेशनलले दुई हजार रूपैयाँ सहयोग गरेका छन् ।

लुलाङकी पानुको यो घटनालाई ग्रामिण क्षेत्रका कतिपय बासिन्दा अभ्रै पनि गरिबी र चेतनाको कमीले गर्दा रोग लुकाएर बस्ने गरेको उदाहरणका रूपमा लिन सकिने कदम म्याग्दीका अध्यक्ष हरिप्रसाद पौडेलले बताउनुभयो । "सर्वसाधारणलाई स्वास्थ्यप्रति सचेत र संवेदनशीलका साथै उपचार सेवाको बारेमा जानकारी गराउन आवश्यक छ" उहाँले भन्नुभयो ।

प्रो. सन्दीप/सलिना खत्री
मो.९८४७७३८१३२,९८४७७५९७६६
ए हजुर कता ? प्रिन्टीङ्ग सम्बन्धी सम्पूर्ण काम यता !
लालीगुराँस प्रिन्टीङ्ग सेन्टर
संगमचोक, बेनीबजार म्याग्दी
फ्लेक्स प्रिन्ट,डिजिटल ब्यानर, लाईट बोर्ड, होडिङ्ग बोर्ड, रिफ्लेक्टी बोर्ड, कप प्रिन्ट, मायाको चिनो, मेडल, सम्मानपत्र, प्रमाणपत्र, डिजिटल परिचयपत्र, स्टीकर प्रिन्ट, टोपी प्रिन्ट, भिजीटीङ्ग कार्ड, फोटो प्रिन्ट,विवाह/व्रतबन्ध कार्ड, जर्सी प्रिन्ट, डिजिटल नाईलन छाप तथा डेस्कटप सम्बन्धी छिटो, छरितो र गुणस्तीय कामका लागि सदैव हामीलाई सम्भनुहोस् ।

म्याग्दी जिप तथा बस संचालक समिति
म्याग्दी, बेनी
स्था. २०५८
२०७३ बैशाख १ देखि बेनी देखि छुट्ने गाडिको समय तालिका

विहान: ७:१५ बजे : नरल्ले
विहान: ८ बजे : मुना फल्लेगाउ
विहान: ८:४५ बजे : लाम्मेला तमान
विहान: ९:३० बजे : दरबाङ्ग
विहान: १०:१५ बजे : दरबाङ्ग
विहान: ११ बजे : मुना फल्लेगाउ
दिउसो: ११:४५ बजे : दरबाङ्ग
दिउसो: १२:३० बजे : दरबाङ्ग
दिउसो: १:१५ बजे : दरबाङ्ग
दिउसो: १:४५ बजे : मुना फल्लेगाउ
दिउसो: २:३० बजे : दरबाङ्ग
दिउसो: ३:१५ बजे : दरबाङ्ग
बेलुका: ३:३० बजे : थाङबाङ्ग
बेलुका: ३:४५ बजे : कुहुँ
बेलुका: ४:३० बजे : दरबाङ्ग
बेलुका: ५:१५ बजे : दरबाङ्ग (नाइट)

सम्पर्क नम्बर: ०६९- ५२०८८२, ५२००५२

म्याग्दी जिप तथा बस संचालक समिति
म्याग्दी, बेनी
स्था. २०५८
२०७३ बैशाख १ देखि दरबाङ देखि बेनी सम्म छुट्ने गाडिको समय तालिका

विहान: ७:०० बजे दरबाङ्ग देखि : बेनी सम्म
विहान: ७:४५ बजे दरबाङ्ग देखि : बेनी सम्म
विहान: ८:३० बजे दरबाङ्ग देखि : बेनी सम्म
विहान: ०५:०० बजे दरबाङ्ग देखि : पोखरा सम्म
विहान: ९:३० बजे मुना फल्लेगाउ देखि : बेनी सम्म
विहान: १०:१५ बजे दरबाङ्ग देखि : बेनी सम्म
विहान: ११:०० बजे दरबाङ्ग देखि : बेनी सम्म
दिउसो: ११:३० बजे नरल्ले देखि : बेनी सम्म
दिउसो: १२:०० बजे मुना फल्लेगाउ देखि : बेनी सम्म
दिउसो: १२:३० बजे दरबाङ्ग देखि : बेनी सम्म
दिउसो: १:०० बजे दरबाङ्ग देखि : बेनी सम्म
दिउसो: १:३० बजे तमान देखि : बेनी सम्म
दिउसो: २:०० बजे मुना फल्लेगाउ देखि : बेनी सम्म
दिउसो: ३:०० बजे दरबाङ्ग देखि : बेनी सम्म
दिउसो: ४:०० बजे दरबाङ्ग देखि : बेनी सम्म
बेलुका ४:३० बजे दरबाङ्ग देखि : काठमाण्डौ सम्म

सम्पर्क नम्बर: ०६९- ५२०८८२, ५२००५२

म्याग्दी उद्योग वाणिज्य संघको
साधारण सदस्यता नवीकरण सम्बन्धी
अत्यन्त जरुरी सूचना !!!

संघको विधानमा व्यवस्था भए अनुसार आगामी बर्षका लागि सदस्यता बहाली राख्नका लागि प्रत्येक बर्षको पौष मसान्तभित्र सदस्यता नविकरण गर्नुपर्ने हुँदा आगामी ०७४/०७५ को लागि साधारण सदस्यता बहाली राख्नका लागि यही २०७३ पौष मसान्तभित्र नविकरण गर्नुपर्ने र सो अवधिभित्र पनि नविकरण नभएमा पौष मसान्तको ३५ दिनभित्र (२०७३ फागुन ०६ गते) सम्ममा संघको सचिवालयमा सम्पर्क राखी आफ्नो साधारण सदस्यता नविकरण गर्नुहुनु म्याग्दी उद्योग वाणिज्य संघका आजिवन सदस्य बाहेकका सम्पूर्ण साधारण सदस्य मित्रहरुलाई यसै सूचना मार्फत सूचित गरिन्छ ।

थप जानकारीका लागि:
म्याग्दी उद्योग वाणिज्य संघको सचिवालय
बेनीबजार, गणेशटोल, म्याग्दी, फोन : ०६९५२०२४६

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४
प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४
"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"
जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)
विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माभ्मा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्भनुहोला ।

म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०९/०७१/०७२

युवा भलिबलको उपाधी बेनपा ९ र बेगखोलालाई

■ नवविकल्प

युवा संघ नेपाल जिल्ला कमिटी म्याग्दीकोद्धरा म्याग्दीको सदरमुकाम बेनीस्थित खुलामञ्चमा सञ्चालित गाविस तथा नगर वडास्तरीय चौथो युवा भलिबल प्रतियोगिताको पुरूष तर्फ बेनी नगरपालिका वडा नंम्बर ८ काउँलेगौडा र महिला तर्फ बेगखोलाले उपाधी हाता पारेका छन् ।

शनिबार खुल्ला मञ्चमा खचाखच दर्शकका माझ सम्पन्न फाइनल खेलमा उनीहरूले उपाधी हाता पार्न सफल भएका हुन । पुरूष र महिला तर्फका खेलहरू निकै प्रतिस्पर्धात्मक देखिएका थिए ।

पुरूष तर्फ बरंजालाई १ का विरूद्ध ३ सेटले पराजित गरि बेनपा ८ ले प्रथम स्थान हासिल गर्न सफल भएको हो । निकै प्रतिस्पर्धा देखिएको खेलमा बरंजाले एक सेट मात्र जित्न सफल भयो ।

बरंजाका खेलाडीहरूले बेनपा ८ का खेलाडीहरूलाई पराजित गर्न निकै कसरत गरे पनि त्यो सफल हुन सकेन । अखिर उपविजेतामा मन बुझाउनु पऱ्यो ।

त्यसै गरि महिला तर्फ नारच्याङ गाविसलाई २ का विरूद्ध ३ सेटले पराजित गरि बेगखोला प्रथम भएको छ । महिला तर्फ फाइनल खेल पनि निकै रोचक थियो ।

विजेता र उपविजेतालाई प्रमुख अतिथि युवा संघ नेपाल केन्द्रिय अध्यक्ष राजीव पहारी,नेकपा एमाले म्याग्दीका जिल्ला अध्यक्ष हरिकृष्ण श्रेष्ठ,युवा संघ विदेश विभाग प्रमुख सन्तोष रावल,सचिव वालकृष्ण सुवेदी लगायतले प्रतियोगितामा प्रथम र द्वितिय हुने खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

पुरूष तर्फ प्रथम हुनेलाई ७७ हजार ७ सय ७७ र द्वितियलाई ४४ हजार ४ सय ४४, महिला तर्फ प्रथमलाई ५५ हजार ५ सय ५५ र द्वितियलाई ३३ हजार ३ सय ३३ रूपियाँ ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरिएको छ । त्यस्तै पुरूष तर्फ बेनपा ८ का राम केसी र महिला तर्फ बेगखोलाकी सिजन पुर्जा उत्कृष्ट खेलाडी घोषित भएकी छिन् ।

समापन कार्यक्रममा युवा संघका केन्द्रिय अध्यक्ष पहारीले युवाहरूको क्षमता विकास गर्न खेलकुद प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले युवाहरूलाई राजनीतिमा मात्र होइन सिर्जनशिल र प्रतिभा प्रष्फुटनमा सहयोग पुग्ने विभिन्न कार्यक्रमहरू युवा संघले गर्दै आएको बताउनुभयो ।

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
बिजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३
जि.सी. क्रसर उद्योग
बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९-५२०९२०,
९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)
हाम्रा सेवाहरु
आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।
तपाईँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair

प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ८८५७६२८०११, ८८४७६१८०११

पसल सरेको सूचना
बेनी बजारको पिपलचोकबाट सेवा दिंदै आएको महारानी वर्कसप बेनी बजारको गणेशटोलबाट (शिखर होटलको अगाडी) यही मंसिर १५ गते देखि सेवा दिने सम्पूर्ण ग्राहक मानुभावहरुमा जानकारी गराउँदछौ । साथै, सुजिकी कम्पनिको मोटरसाइकल र स्कुटीको अधिकृत विक्रेता । सम्पूर्ण कम्पनीका मोटरसाइकल र स्कुटीहरु मर्मत, सर्भिसिङ र पार्टपुर्जाहरु सुपथ मूल्यमा पाइन्छ ।
प्रो. सज्जन शाक्य (मोवाइल नं ९८५७६२३४०९)
महारानी वर्कसप
बेनी बजार,म्याग्दी

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी
रारा अटोमोबाईल्स
पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)
हाम्रा सेवाहरू
विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह
गुप्ता फ्रेस हाउस
क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७
हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

प्रो. बुद्धि महत प्रबन्ध निर्देशक : प्रमिला जिसी महत
(मो.नं. ९८४९८३३२३८) (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. मुकुन्द शर्मा प्रो. अमृतप्रसाद शर्मा
९८४७६४२९५६ ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286